का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ साउन २०८०,
मंगलबार
18 July 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक १७३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

जातीय विभेद


# अमानवताको पर्खाल

जातीय आधारमा हुने विभेदलाई संविधानले दण्डनीय व्यवस्थाअन्तर्गत राखेको छ । तर अन्तरजातीय विवाह गरेकै कारण जुम्लाका मुकेश नेपालीको घर जलाइनु, दाङको घोराहीमा घरबेटीले महेन्द्र विक र अंगराज परियारलाई कोठाबाट निकाला गर्नु जस्ता घटनाले संविधानको त्यस व्यवस्थालाई चुनौती मात्रै दिएको छैन, हामी बाँचिरहेको समाजले अमानवीय र लज्जाको संज्ञा समेत पाएको छ ।



भीमसेन थापादेखि अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहालसम्म प्रधानमन्त्री बन्दा यो देशमा एक जना दलितको छोरो किन प्रधानमन्त्री बन्दैन ?

**ज्ञानेन्द्र शाही**
सांसद



विभेदका घटनाले सीमा नाघिसकेको छ । अब दोषीलाई कारबाहीका लागि संसदीय विशेष समिति बनाइनुपर्छ, त्यसतर्फ सरकारले ध्यान दिनुपर्छ ।

**रणेन्द्र बराली**
सांसद



कतिपयलाई यो भेदभाव र छुवाछूतको विषय मात्रै हो जस्तो लाग्छ । कतिपयलाई यो पानी नचल्ने, विषय लाग्छ । तर यो राजनीतिक, आर्थिक र सांस्कृतिक आयाममा फैलिएको समस्या हो ।

**विजय विश्वकर्मा**
संयोजक, वैज्ञानिक समाजवादी युवा लिग



*अन्तरजातीय विवाहकै कारण जुम्लामा गत असार १६ गते राति केटीका दाजु हिक्मत गिरीले मुकुन्द नेपालीको घरमा लगाएको आगो । तस्बिर : सामाजिक सञ्जाल*

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १ साउन ।

गएको शुक्रबार (२९ असार) को प्रतिनिधिसभा बैठकमा केही सांसदले जातीय विभेदका घटनाहरुले सीमा नाघेकाले सरकारसँग गम्भीर कदम चाल्न माग गरेका थिए । सांसदहरु शान्ति विक, शानेन्द्र शाही र रणेन्द्र बरालीले जातीय विभेदका घटनाबारे छलफल गर्न विशेष संसदीय समिति गठनकै माग गरेका थिए ।

'विभेदका घटनाले सीमा नाघिसकेको छ । प्रेम सम्बन्धमा परेर विवाह गरेकालाई छुटाउन बलात्कार र चोरी जस्ता आरोप लगाइने गरिन्छ' सांसद रणेन्द्र बरालीको माग थियो, 'यस्ता घटनाका दोषीलाई कार्बाहीका लागि संसदीय विशेष समिति बनाइनुपर्छ, त्यसतर्फ सरकारले ध्यान दिनुपर्छ ।'

सांसद बराइलीले जुम्लामा अन्तर जातीय विवाह गरेकै कारण घर जलाइएको घटनालाई उदाहरणका रुपमा प्रस्तुत गरेका थिए । जुम्लाको तातोपानी गाउँपालिका-४, गिडिखोलाका मुकेश नेपालीको घर उसले गरेको विवाहकै कारण जलाइएको थियो । उक्त दृष्य सामाजिक सञ्जाल र अरु माध्यमबाट जानकारी पाएको बताउँदै सांसद बराइलीले सरकारको गम्भीर ध्यानाकर्षण गराएका थिए ।

अर्की सांसद शान्ति विकले मुकेशको घर जलाउने कार्यमा मुकेशसँगै विवाह गरेकी किशोरीको दाजु भएको किटानी संसदमै गरेकी थिइन् । कथित तल्लो जातका केटासँग विवाह गरेको भन्दै मुकेशको घर जलाइएको उनको भनाइ थियो । >>> पृष्ठ २ मा

# उपत्यकामा फेरि फोहोर समस्या

**काठमाडौं महानगरपालिकाले कुहिने र नकुहिने फोहोर वर्गीकरण गरेर कुहिने फोहोर मात्र व्यवस्थापन गर्नेलगायत सहमति ल्याण्डफिल्ड साइट पीडित क्षेत्रका बासिन्दासँग गरेको थियो। सम्झौता कार्यान्वयन नभएको भन्दै स्थानीयले फोहोर विसर्जन गर्ने क्षेत्र नुवाकोटको बञ्चरेडाँडा क्षेत्रमा अवरोध शुरु गरेका छन्।**



**काठमाडौं महानगरपालिकाका लागि संघीय सरकार र हाम्रो मन्त्रालयमार्फत गर्नुपर्ने समन्वय र सहकार्य गर्न हामी हामी तयार छौं। अहिलेको समस्यामाथि आवश्यक छलफल गरेर समाधानको दिशामा अगाडि बढ्छौं।**

**अमनलाल मोदी**
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ साउन ।

काठमाडौंको उपत्यकाबासीले यसवर्ष पनि फोहोर समस्यामा बेहोर्नु परेको छ । गत वर्ष भएको सम्झौता कार्यान्वयन नभएको भन्दै स्थानीयले फोहोर विसर्जन गर्ने क्षेत्र नुवाकोटको बञ्चरेडाँडा क्षेत्रमा अवरोध सुरु गरेका छन् ।

यसअघि काठमाडौं महानगरपालिकासँग भएको सहमति कार्यान्वयन नभएको उनीहरुको भनाइ छ । नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनीबेँसी नगरपालिकाका बासिन्दाले अवरोध गर्दा उपत्यकाका १८ स्थानीय तहको फोहोर व्यवस्थापन हुन सकेन । काठमाडौं महानगरपालिकाले कुहिने र नकुहिने फोहोर वर्गीकरण गरेर कुहिने फोहोर मात्र व्यवस्थापन गर्नेलगायत सहमति >>> पृष्ठ २ मा

# कारबाहीमा परे ६९ दल

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ साउन ।

बिभिन्न ६९ वटा राजनीतिक दल कारबाहीमा परेका छन् । आर्थिक वर्ष २०७८/०८९ को लेखा परीक्षण प्रतिवेदन समयमै पेश नगर्ने, पेश गरेर पनि सार्वजनिक नगर्ने, ढिला सार्वजनिक गर्ने दलहरु कारबाहीमा परेका हुन् ।


निर्वाचन आयोगका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा ११२ वटा राजनीतिक दल दर्ता थिए । त्यसमध्ये ८२ वटा राजनीतिक दलले समयमै लेखा परीक्षण >>> पृष्ठ २ मा



जरिवानाबापतको रकम ३५ दिनभित्र सम्बन्धित दलले दाखिला गर्नुपर्ने हुन्छ । अन्यथा, जरिवाना रकम नबुझाउने राजनीतिक दललाई तत्काल (लगत्तैको) एक निर्वाचन भाग लिन नपाउने गरी आयोगले रोक लगाउने निर्णय गरेको छ ।

**शालिग्राम शर्मा पौडेल**
प्रवक्ता, निर्वाचन आयोग

## सत्तारुढ दुई दललाई सात हजार जरिवाना




सत्तारुढ दुई दल निर्वाचन आयोगको कारबाहीमा परेका छन् । बाबुराम भट्टराई र रञ्जिता श्रेष्ठ नेतृत्वको पार्टीलाई ७ हजार जरिवाना गर्ने आयोगको निर्णय छ । पूर्वप्रधानमन्त्री >>> पृष्ठ २ मा

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व. २०८०/०८१ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८० साउन १ तदनुसार १७, जुलाई २०२३ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रू. २२००/- | रू. २०००/- |
| भित्री पृष्ठ | रू. १७००/- | रू. १४००/- |
| अन्तिम पृष्ठ | रू. १८००/- | रू. १६००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रू. २०००/- | रू. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रू. ३०/- |

**ज्याकेट २ पेज रू. १०,००,०००/-**

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२६३६६, ५३२८२९८
इमेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com
वेबसाइट: www.madhyanhadaily.com

## वैदेशिक रोजगार विशेष

# पछि हट्यो अध्यागमन, श्रम स्वीकृतिमा हस्तक्षेप नगर्ने प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन

अध्यागमन विभाग वैदेशिक रोजगार ऐन तथा नियमावली र यसअघिका सहमतिअनुसार वैदेशिक रोजगारमा जाने नेपाली कामदारको अध्यागमन व्यवस्थापन गर्न सहमत भएको छ । अघिल्लो हप्ता वैदेशिक रोजगारमा कुवेत र जोर्डन जाने कामदार फर्काएको र त्यसको निरन्तर बचाउ गरेको अध्यागमनले सोमबार भने विगतमा भएका सहमतिअनुसार जान तयार रहेको बताएको छ ।

वैदेशिक रोजगार ऐन तथा नियमावलीअनुसार वैदेशिक रोजगार विभागले श्रम स्वीकृति प्रदान गरेका कुवेत र जोर्डन जाने डेढ सय बढी कामदार बिनाकारण रोकेपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा व्यवसायीहरूले विभागका महानिर्देशक झलकराम अधिकारीको राजीनामा माग गर्दै अध्यागमन घेराउ गरेका थिए ।

उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा भएको छलफलमा कामदार रोकेको विषयमा स्पष्ट जवाफ नदिएर आलोचनाको केन्द्रमा परेका महानिर्देशक अधिकारीले मातहत कर्मचारीमार्फत विज्ञप्ति जारी गराइ भिसा ट्रान्सलेसन गराउनेदेखि व्यवसायीलाई वैदेशिक रोजगारमा जाने कामदारका बारेमा लिखित प्रतिबद्धता जनाउने बाध्य पार्ने परिबन्ध तयार गरेका थिए ।

व्यवसायीको चौतर्फी विरोधसँगै वैदेशिक रोजगार विभागले श्रम स्वीकृतिको काममा हस्तक्षेप नगर्न भन्दै ७ बुँदे आग्रह गरेपछि अध्यागमन तत्कालका लागि पछि हटेको देखिएको छ । यता वैदेशिक रोजगार व्यवसायीहरूले भने श्रम स्वीकृति लिएका कामदारको प्रस्थानलाई नजिकैबाट नियाल्ने बताएका छन् ।

सोमबार विज्ञप्ति जारी गर्दै अध्यागमनले वैदेशिक रोजगार ऐन तथा नियमावलीअनुसारको श्रम स्वीकृतिमा कुनै हस्तक्षेप नगर्ने प्रतिबद्धता जनाउँदै >>> पृष्ठ २ मा

## आकर्षणद्वारा खाद्यान्न तथा शैक्षिक सामग्री सहयोग



**काठमाडौं/मस-** वैदेशिक रोजगार क्षेत्रको प्रतिष्ठित कम्पनी आकर्षण इन्टरनेशनल प्रा.लि.ले विविध कार्यक्रम गरी १९औं वार्षिकोत्सव मनाएको छ। वार्षिकोत्सवका अवसरमा कम्पनीले अपाङ्ग पुनर्स्थापना केन्द्रलाई खाद्यन्न तथा शैक्षिक सामग्री >>> पृष्ठ २ मा

# काठमाडौंमा तोकियो पार्किङ शुल्क

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन




काठमाडौं महानगरपालिकाले सवारी साधन पार्किङ शुल्क निर्धारण गरेको छ। महानगरपालिकाका अनुसार दुई पाङ्ग्रे सवारी साधनको प्रतिघण्टा २५ रुपैयाँ र चार पाङ्ग्रे सवारी साधनको प्रतिघण्टा ७५ रुपैयाँ पार्किङ शुल्क निर्धारण गरिएको हो।

महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले आम सेवाग्राहीको गुनासो सुनुवाइ गर्न र सवारी साधनको पार्किङ शुल्कमा एकरुपता ल्याउन सो शुल्क निर्धारण गरिएको बताएकी छन्।

काठमाडौं महानगरपालिका भित्र २ पाङग्रे सवारी साधनले आधा घण्टाको पार्किङ शुल्क भने १५ रुपैयाँ मात्रै तिर्नुपर्ने हुन्छ। एक घण्टाको २५ रुपैयाँ र एक घण्टा भन्दा बढी थप हुँदै गयो भने हरेक १५ मिनेटमा ५-५ रुपैयाँ शुल्क थप गर्ने व्यवस्था गरिएको पनि उपमेयर डंगोलले बताइन्। उनका अनुसार ४ पाङग्रे सवारी साधनले भने आधा घण्टाका लागि ४० रुपैयाँ पार्किङ शुल्क तिर्नुपर्ने हुन्छ। एक घण्टाका लागि ७५ रुपैयाँ तिनुपर्नेछ। त्यो भन्दा बढी समय थप भए हरेक १५ मिनेटमा १५ रुपैयाँ थप हुँदै जाने पनि महानगरपालिकाले जनाएको छ।

**व्यवसायिक भवनले पार्किङ शुल्क लिन नपाउने**

यस्तै महानगरपालिका भित्रका व्यवसायिक भवनहरु (निजी मार्ट, रेष्टुरेन्ट, सपिङ कम्प्लेक्स), अस्पताललगायत स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले सेवाग्राहीलाई निःशुल्क पार्किङ सेवा उपलब्ध गराउनुपर्ने भएको छ। व्यावसायिक रुपमा सवारी साधन पार्किङ प्रयोजनका लागि भवन निर्माण गरेमा भवन निर्माण सम्पन्न भएको मितिले पार्किङ प्रयोजनका लागि प्रयोग हुने क्षेत्रको १० वर्षसम्म सम्पत्ति कर छुट हुनेछ व्यवस्था गरिएको छ। पार्किङ प्रयोजन देखाई नक्सा स्वीकृत गरेका भवनको पार्किङ क्षेत्रलाई अन्य प्रयोजनमा प्रयोग गरेकाको हकमा भने महानगरपालिकाले प्रचलित कानून र निर्णय बमोजिम कारवाही गर्नेछ। यस्ता स्थानबाट सम्पति करसहित सम्बन्धित अन्य कर असुल गरिनेछ।

# एनआरएनए बहराइनमा श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध

**बहराइन/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए),राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बहराइनको अध्यक्षमा राजुकुमार श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन्। एनआरएनए बहराइनको नवौं अधिवेशन २०२३-२५ कार्यकालका लागि सबै पदमा एक-एक जनाको मात्रै उम्मेदवारी परेपछि श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएको हो। तर निर्वाचन समितिले औपचारिक घोषणा गर्न बाँकी रहेको छ।

एनआरएनए बहराइनको नवौं अधिवेशन २१ जुलाई शुक्रबार हुँदैछ। जसका लागि निर्वाचन कमिटीले शनिबार उम्मेद्वारी दर्ताको कार्यक्रम राखेको थियो। तर सबै पदमा एक-एक जनाको मात्रै उम्मेद्वारी परेको छ।



एनआरएनए बहराइनको आगामी कार्यकालका लागि आइसीसी सदस्यमा बिरेन्द्र बुढाथोकी, अध्यक्षमा राजु कुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्षमा तिर्थ बहादुर भण्डारी, उपाध्यक्षहरुमा भावना आचार्य पन्त र सन्त कुमार न्यौपाने, महिला उपाध्यक्षमा शुशीला खत्री, महासचिवमा संगिता खत्री, सचिवमा भुवन बिमली, सहसचिवमा कृष्ण प्रसाद गैरे, कोषाध्यक्षमा दिपक कुमार कर्ण, सहकोषाध्यक्षमा वासुदेव प्याकुरेल, महिला संयोजकमा पवित्रा श्रेष्ठ, युवा संयोजकमा अमृत देवकोटा, पर्यटन संयोजकमा अच्युत राज तिम्सीना र खेलकुद तथा सांस्कृतिक संयोजकमा शिव बिकले उम्मेदवारी दिएका छन्।

यसैगरी महिला सदस्यमा अमृता सामेखम र सदस्यहरुमा लक्ष्मी नारायण श्रेष्ठ,लक्ष्मण वि.क, अनन्त अर्याल, विशाल खरेल, राम प्रसाद पुडासैनी, टेकमान वि.क, गणेश बहादुर थापाले उम्मेदवारी दिएका छन्। तर कुनै पनि पदमा दोहोरो उम्मेद्वारी परेको छैन।

# तम्घासमा पुनः खाद्य कम्पनी स्थापना गरिँदै

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १ साउन



गुल्मीमा २० वर्षपछि पुनः खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको शाखा स्थापना गरिने भएको छ। २०६० सालमा बन्द भएको कम्पनीको शाखा पुनः स्थापना गर्न लागिएको कम्पनीका विभागीय प्रमुख भीम थापाले बताए।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालको प्रधान कार्यालयसँग तम्घासमा शाखा कार्यालय पुनः स्थापना गर्नका लागि सम्झौता गरिएको रेसुङ्गा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीले जानकारी दिए।

यस जिल्लामा उत्पादित रैथाने बाली लगायतका कृषिजन्य बस्तुको बजारीकरणको सुनिश्चितताका लागि कम्पनीको तम्घास शाखासहित सबै डिपोहरूबाट व्यवस्थापन हुने गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँग सम्झौता गरी प्रक्रिया अगाडि बढाइएको नगरप्रमुख पन्थीले बताए।

शाखा कार्यालयको पुनः स्थापनासँगै गुल्मीको रुरुक्षेत्र गाउँपालिकाको बलेटक्सार, छत्रकोट गाउँपालिकाको दौघा, मदाने गाउँपालिकाको बाँझकटेरी र मालिका गाउँपालिकाको अर्खाबाङ्गमासमेत डिपो स्थापना गरी गुल्मीबासी आम नागरिकलाई सहज र सुलभ तरिकाले खाद्य सामग्रीको आपूर्ति गरिने छ। संस्थानको खर्च बढी र यस जिल्लामा यातायातको सहजता नभएको भन्दै २० वर्ष अगाडि उक्त संस्थान बन्द गरिएको थियो।

स्वीकृति तथा भिसामा देखिने सानातिना फरकका विषयमा दुई विभागका बीचमा २०७१ साल वैशाख ३० गते भएको संयुक्त निर्णय प्रभावकारी कार्यान्वयनमा लैजाने विषयमा सहमति जनाएको छ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार ऐन र नियमावलीमा भएको व्यवस्थाअनुसार श्रम स्वीकृति प्रदान गर्ने गरिएको भन्दै अनुचित हस्तक्षेप नगर्न अध्यागमन विभागको ध्यानाकर्षण गराएको थियो।

## आकर्षणद्वारा...

सहयोग गरेको छ। कम्पनीका अध्यक्ष विष्णु केसीको नेतृत्वमा काठमाडौंको गोकर्णेश्वरमा रहेको अपाङ्ग पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकालाई आवश्यक खाद्यान्न र शैक्षिक सामग्री हस्तान्तरण गरे। उक्त संस्थाका अध्यक्ष उदय लिम्बू र बालबालिकाहरुलाई सहयोग हस्तान्तरण गरेका अध्यक्ष केसीले सामाजिक उत्तरदायित्वको जिम्मेवारी अन्तर्गत उक्त सहयोग गरिएको जानकारी दिए।

उक्त केन्द्रमा विभिन्न कारणले घरवार तथा अविभावकविहीन बालबालिकाहरुले आश्रय लिइरहेका छन्। अध्यक्ष केसीले कम्पनीका तर्फबाट सहयोग गर्न पाउँदा सन्तोष लागेको भन्दै सामाजिक सेवाका कार्यक्रमलाई निरन्तरता दिने बताए।

कोभिड महामारी शुरू हुनु अगाडिदेखि नै मुख्यतः मलेसियामा शून्य लागतमा नेपाली कामदार पठाउँदै आएको कम्पनीले कामदार र उनीहरूका नेपालमा आश्रित परिवारका सदस्यलाई अप्ठ्यारो अवस्थामा सहयोग गर्ने गरेको पनि अध्यक्ष केसीले जानकारी दिए।

केन्द्रका अध्यक्ष लिम्बूले कम्पनीले आफ्नो वार्षकोत्सवको अवसरमा केन्द्रमा आश्रित बालबालिकालाई गरेको सहयोगप्रति आभार तथा धन्यवाद व्यक्त गर्दै केन्द्रमा रहेका बालबालिकालाई खाद्यन्न तथा शैक्षिक सामग्रीको सहजता हुने बताए।

उक्त केन्द्रले स्थानीय सरकारी तथा गैरसरकारी विद्यालयमा अपाङ्गता भएका विद्यार्थीलाई १२ कक्षासम्मको शिक्षा दिइ रोजगारका लागि योग्य र आत्मनिर्भर बनाउँदै आएको जानकारी दिँदै अध्यक्ष लिम्बूले परोपकारी व्यक्ति तथा संस्थाहरुको सहयोगबाट नै पुनर्स्थापना केन्द्र सञ्चालनमा रहेको जानकारी पनि दिए। अध्यक्ष लिम्बू आफैं पनि अपाङ्गता भएका व्यक्ति हुन्।

# तनहुँ सेवा समाज यूएईले मनायो भानु जयन्ती



**सुरिन भुजेल/मध्यान्ह**
यूएई, १ साउन

'हाम्रो तनहुँ हाम्रो शान सेवा र सहकार्यको लागि अभियान' भन्ने मूल नारासहित स्थापना भएको तनहुँ सेवा समाज यूएईले आदिकवि भानुभक्त आचार्यको २१० औं जन्म जयन्ती मनाएको छ। समाजले आइतबार नेपाली भाषामा सदावहार कविता लेखेर इतिहास रच्न सफल व्यक्तित्वको रुपमा चिनिने आचार्यको २१० औं जन्म जयन्तीको उपलक्ष्यमा भानु जयन्ती कार्यक्रम बरदुबाईस्थित सिल्भर इस्पोनमा मनाएको हो।

संस्थाका अध्यक्ष सुदिप कार्कीको सभापतित्वमा यूएईव्यापी खुला रचना बाचन कार्यक्रम गरी भानु जयन्ती मनाइएको हो। सो कार्यक्रममा तनहुँ सेवा समाज यूएईका प्रमुख संरक्षक दिपक खड्का प्रमुख अतिथि रहेका थिए भने विशेष अतिथिहरूमा क्रमशः वैदेशिक भ्रमणमा रहेका तनहुँ भानु नगरपालिका निवासी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव विष्णुराज ढकाल र श्रम मन्त्रालयका लेखा अधिकृत फईन्द्र कुमार श्रेष्ठ रहेका थिए।

त्यसैगरी अन्य विशेष आतिथिहरुमा नेपाली समाज यूएईका अध्यक्ष वेद प्रसाद अर्याल, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय समिति यूएई (नेपाल एशोसिएसन) का महिला संयोजक मञ्जु मल्ल ठकुरी, नेपाल आदिवासी जनजाति महासंघ यूएईका अध्यक्ष विजय लक्ष्मी राई, कार्यक्रम संयोजक एवम् सल्लाहकार टक गुरुङ, प्रमुख सल्लाहकार कृष्ण रायमाझी रहेका थिए। यस्तै अतिथिहरुमा समाजका सल्लाहकारहरु बसन्त रिमाल, प्रकाश थापा, नेपाली समाज यूएईका पूर्वअध्यक्ष कृष्ण बहादुर ढकाल, कास्की आदर्श सेवा समाजका अध्यक्ष शिब कुमार श्रेष्ठ, गुल्मी सेवा समाज यूएईका अध्यक्ष राम श्रेष्ठ, मोना यूएईका अध्यक्ष सुवास राम्झाली मगर, मोरङ सुनसरी समाज यूएईका अध्यक्ष विनोद बस्नेत, पर्वत सेवा समाज यूएईका अध्यक्ष तिलक सापकोटा, रुपन्देही सेवा समाज यूएई उपाध्यक्ष कला पांगेनी, गजलकार/घन्तुक नेपाली क्याफे सञ्चालक जे सागर, इसेवा मनी ट्रान्सफरका रिलेसन म्यानेजर ईश्वर श्रेष्ठ, पत्रकार लाल बहादुर ढेंगा, सगरमाथा साहित्य प्रतिष्ठानका निर्वतमान अध्यक्ष जीवित खड्का मगर, ताप्लेजुङ काठमाडौं समाजका सदस्य सोनी भण्डारी, पाल्पाली समाज यूएईका संरक्षक कृष्ण प्रसाद आचार्य, नेपाल मगर संघ शाखा यूएईका महासचिव विष्णु राना मगर र प्रवासी भुजेल सेवा समाज समिति यूएईका अध्यक्ष तुल बहादुर घर्ती भुजेल रहेका थिए।

यस्तै अन्य अतिथिहरुमा एक्सिस ग्राफोक्स डिजाइन एण्ड आर्टवर्क सर्भिसका सञ्चालक सुरेन्द्र लामा, सृजना वाचन डबली का भुपेन्द्र आचार्य (कान्छो), इन्स यूएईका सचिव सवित्रा अधिकारी, सुनसरी समाज यूएईका दुर्गा अधिकारी, प्रवासी मञ्च यूएईका सचिव बाबुराम सपकोटा, समाजसेवी सुदिर थापा, नेपाली समाज यूएईका पूर्वअध्यक्ष सिपि सापकोटा, नेपाली समाज यूएईका प्रमुख सल्लाहकार गोविन्द ढकाल, समाजसेवी एकेन्द्र थापा, नेपाली सामाज यूएईका प्रसाद अध्यक्ष राम मोक्तान, नेपाली समाजका वरिष्ठ उपाध्यक्ष कमल गिरी, नेपाली समाज यूएईका उपाध्यक्ष राम बाबु न्यौपाने, नेपाली समाज यूएईका महासचिव केदार कुँवर, गुल्मी सेवा समाज यूएईका संरक्षक कृष्ण गौतम, गुल्मी सेवा समाज यूएईका निवर्तमान अध्यक्ष रुद्र थापा, गुल्मी सेवा समाज यूएईका प्रवक्ता कमल जङ कार्कीलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा यूएईलाई आफ्नो कर्मथलो बनाइ साहित्यिक क्षेत्रमा योगदान दिएका सर्जक टक गुरुङ, दिपेन्द्र पौडेल, गणेश प्रसाद पौडेल, जीवित खड्का मगर, चन्द्रमन निलम ओम, कान्छो भूपेन्द्र, अथाह सागर 'तीर्थमान', गणेश बस्नेत , डि. एल. घिमिरे, नकुल पौडेल, सोनी भन्डारी, चट्टान कुमार किसान, डिजी शर्मा, इन्धन डि बि भण्डारी, एस पि माथवर,सुबास राम्झाली मगर, हरिहर कँडेल र अर्जुन खरेललगायतले आफ्नो रचना वाचन गरेका थिए।

उत्कृष्ट रचनासहित सहभागिता जनाउने रचना वाचक सम्पूर्ण सर्जकहरुलाई तनहुँ सेवा समाज यूएईको तर्फबाट सम्मान स्वरुप प्रशंसा पत्र र मायाको चिनो प्रदान गर्दै सम्पन्न भएको उक्त कार्यक्रममा गजलकार परिविक्रमको पहिलो कृति 'अंकमाल ' गजल संग्रह, गजलकार जगत खड्का दोलखालीको दोस्रो कृति 'पहिरो' गजल संग्रह र कवि देवव्रतको कविता संग्रह 'अश्वत्थामाको निधारबाट बागमती बग्छ' लोकार्पण गरिएको थियो। सोही अवसरमा कार्यक्रमका प्रमुख प्रयोजक एवम् कार्यक्रमस संयोजक राजु तिमिल्सिनाले आगामी सेप्टेम्बर ३ तरिकमा तनहुँ सेवा समाज यूएईले 'वृद्धाश्रम सहयोगर्थ' तीज विशेष सांस्कृतिक कार्यक्रम हुने जानकारी दिए।

नेपाली राष्ट्रिय गानबाट आरम्भ भएको कार्यक्रममा भानुको फोटोमा माल्यार्पण एवम् दीप प्रज्ज्वलन गरी उनलाई स्मरण गरिएको थियो। स्वागत मन्तव्य समाजका वरिष्ठ उपाध्यक्ष कल्पना रिमालले गरेकी थिइन्। त्यसैगरी समाजका उपाध्यक्ष गणेश बस्नेत भानुको बारेमा प्रकाश पारेका थिए भने कार्यक्रमको बारेमा संयोजक एवम् समाजका सल्लाहकार टक गरुङले प्रकाश पारेका थिए। शुभकामना मन्तव्य कास्की आदर्श समाजका अध्यक्ष शिव कुमार श्रेष्ठ, नेपाली समाज यूएईका पूर्वअध्यक्ष कृष्णबहादुर ढकाल र प्रमुख अथिति दिपक खड्काले राखेका थिए। साहित्यिक कार्यक्रमको जिम्मेवारी साहित्यकार जे. सागर र 'कान्छो' भूपेन्द्र आचार्यले लिएका थिए। सो कार्यक्रममा उपस्थित सबैलाई हार्दिक आभारसहित धन्यवाद दिँदै संस्थाका अध्यक्ष सुदिप कार्कीले कार्यक्रमको समापन गरेका थिए।

## अमानवताको...

यही घटनालाई आधार मानेर सांसद ज्ञानेन्द्र शाहीले सरकारको चर्को आलोचना गरेका थिए। सत्तामा पुग्न समानताको नारा लगाउनेहरुले दलितहरुको नरसंहार हुँदा पनि दोषीमाथि आवश्यक कार्बाही गर्न चुकेको उनको भनाइ थियो। शाहीले अहिलेसम्म नेपालको प्रधानमन्त्री पछाडि परेका समुदायबाट बन्न नसकेको सन्दर्भ प्रस्तुत गरेका थिए। 'भीमसेन थापादेखि अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहालसम्म प्रधानमन्त्री बन्दा यो देशमा एक जना दलितको छोरो किन प्रधानमन्त्री बन्दैन ?' शाहीको प्रश्न थियो, 'जातीयको विभेदको अन्त्य त्यही समुदायबाटै कार्यकारी प्रमुख हुँदा मात्रै समाधान हुन्छ। अर्काको सिढी चढेर नहुने रहेँछ।'

सांसद विकले पनि राजनीतिक परिवर्तनहरुमा दलित समुदायको बलिदानीपूर्ण त्याग सम्झेकी थिइन्। 'नेपालमा भएका परिवर्तनका आन्दोलनमा दलित समुदायले पनि आहुती दिएका छन्। रगत बगाएका छन्, अंगभंग भएका छन्। त्यो बलिदानी राष्ट्रको मुहार फेर्नका लागि थियो' सांसद विकले भनेकी थिइन्, 'तर आजको उन्नत समाजमा पनि जातीय प्रताडना खेप्नुपरेको घटना सिंगो राष्ट्रलाई चुनौती बनेको छ। दोषीलाई कडा भन्दा कडा सजाय दिन सरकारको ध्यानाकर्षण गराउँछु।'

तर संसदमा उठेको अनि सामाजिक लज्जाकै विषय बनेको उक्त घटनाबारे राष्ट्रिय सन्देश जानेगरी कुनै कदम चालेको छैन। संसदीय विशेष समिति गठनको मागमाथि छलफल हुन त निकै टाढाको कुरा हो। जबकी जातीय विभेदका घटना एकपछि अर्कोगरी शृङ्खलाबद्ध रुपमा सार्वजनिक भइरहेका छन्।

जुम्लामा विवाहकै कारण घर जलाएको प्रशंग सँगै अछामका अंगराज परियार र महेन्द्र विकलाई घरबेटीले कोठाबाट निकाला गरेको घटना सार्वजनिक भएको छ। अछामबाट पढाइका लागि उनीहरु दाङको घोराहीमा आएका थिए। तर उनीहरु दलित भएको तीन दिनपछि घरबेटीले थाहा पाए। त्यसपछि घरबेटीले अमानवीय ढंगले निकालेका थिए। महेन्द्रले कोठा खोज्न समय माग्दा पनि सामग्री फालिदिएको थियो।

जातीय विभेदको डरलाग्दो घटना तीन वर्ष अगाडि रुकुममा भएको थियो। २०७७ जेठ १० गते रुकुममा कथित माथिल्लो जातकी युवतीसँग प्रेम गरेकै कारण जाजरकोटका नवराज विकको हत्या भएको थियो।

नवराजसँगै उनका पाँच जना साथी मारिएका थिए। यो घटना त्यसबेला संसदकै बहसको विषय बनेको थियो। यसबारे पूर्व शिक्षामन्त्री एवं प्रतिनिधि सभासदस्य देवेन्द्र पौडेलको नेतृत्वमा नौं सदस्यीय छानबिन समिति गठन भएको थियो। त्यो प्रतिवेदन तत्कालीन सभामुख अग्निप्रसाद सापकोटालाई प्रतिवेदन बुझाइयो।

यो घटनामा राष्ट्रिय मानव अधिकार आयोगले समेत अनुसन्धान गरेको थियो। तर समितिले बुझाएको प्रतिवेदन अहिलेसम्म सार्वजनिक हुन सकेको छैन। जबकी त्यस यता अनेकौं विभेदका घटना भइरहेका छन्।

जुम्लाका मुकेको घर भत्काइनु र दाङमा महेन्द्र कोठाबाट निकालिनु प्रतिनिधि घटना मात्रै हो। वैज्ञानिक समाजवादी युवा लिग, नेपालका संयोजक विजय विश्वकर्मा यी समस्याहरुको प्रमुख कारण समाजमा व्याप्त जात व्यवस्थालाई मान्छन्। 'कतिपयलाई यो भेदभाव र छुवाछूतको विषय मात्रै हो जस्तो लाग्छ। कतिपयलाई यो पानी नचल्ने, कोठा नपाउने मानव अधिकारसँग सम्बन्धित विषय हो जस्तो लाग्छ' उनी भन्छन्, 'तर यो नेपाली समाजको राजनीतिक, आर्थिक र सांस्कृतिक आयाममा फैलिएको समस्या हो।'

नेपालको संविधानले त जातमा आधारित विभेदलाई दण्डनीय मानेका छ। संविधान-२०७२ को धारा १८, धारा २०, २१ र २४ ले विभेदलाई दण्डनीय मान्छ। अझ धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हक समावेश ग्यारेन्टी गरिएको छ। तर संविधानको प्रष्ट व्यवस्थाले विभेदका घटना रोक्न सकेको छैन।

## उपत्यकामा...

ल्याण्डफिल्ड साइट पीडित क्षेत्रका बासिन्दासँग गरेको थियो।

कामपाको पूर्वाधार सल्लाहकार सुनिल लम्सालले यसअघि स्थानीयवासीसँग भएको सम्झौताअनुसार नै काम भइरहेको भन्दै फोहोर व्यवस्थापनमा रोक लगाउनु राम्रो नभएको बताउँछन्। उनका अनुसार स्थानीयवासीको मुख्य माग आसपासका तीन हजार रोपनी जग्गा अधिग्रहण गरिदिनुपर्‍यो भन्ने छ। तर, यो कामपाले मात्र गर्न नसक्ने महानगरपालिकाको भनाइ छ। यसका लागि केन्द्र सरकारसँग छलफल भइरहेको महानगरका अधिकारीहरु बताउँछन्। विगतका वर्षमा पनि स्थानीयवासीकै अवरोधका कारण उपत्यकाको फोहोर महिनौं सडकमै थुप्रने गरेको थिए। यसवर्ष वर्ष फोहोर व्यवस्थापनमा कुनै समस्या हुँदैन भनिए पनि साउन महिना लागेसँगै फोहोर रोकिन थालेको छ। त्यसअघि सिसडोलमा व्यवस्थापन हुँदै आएको उपत्यकाको फोहोर गत भदौ ७ देखि बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ।

## कारबाहीमा...

प्रतिवेदन बुझाएका थिए। तर समयमै लेखा परीक्षण प्रतिवेदन बुझाएका ८२ वटा दलमध्ये ३९ दलले आफ्नो पार्टीको लेखा प्रतिवेदन सार्वजनिक गरेनन्।

आयोगले गत वैशाख २६ गते राजनीतिक दलहरुलाई आफ्नो लेखा प्रतिवेदन सार्वजनिक गर्न सात दिनको समय दिएर पत्राचार गरेको थियो।

लेखा परीक्षण प्रतिवेदन आयोगमा बुझाए पनि आयोगले तोकेको सात दिन भित्र सार्वजनिक नगरेका कारण ३९ वटा दल कारबाहीमा परेका छन्। प्रत्येक दललाई ७ हजारको दरले कारबाही गर्ने निर्णय आयोगले गरेको छ।

आयोगले तोकेको समय भन्दा ढिलो गरी सार्वजनिक गर्ने १२ वटा दल छन्। उनीहरुलाई सचेत गराउने आयोगको निर्णय छ।

निर्वाचन आयोगका अनुसार आथिक वर्ष २०७८/०७९ मा लेखा परीक्षण प्रतिवेदन पेश नै नगर्ने १६ वटा दल छन्। १६ वटै दललाई आयोगले स्पष्टीकरण सोधेको थियो। त्यसमध्ये ४ वटा दलले स्पष्टीकरण बुझाए। स्पष्टीकरण बुझाएका मध्ये दुई वटा दलले साथमा लेखा प्रतिवेदन पनि बुझाएका छन्। अर्को चार वटा दलल तोकेको समय भन्दा ढिलो स्पष्टीकरण पेश गरेका छन्। आठ वटा दलले भने स्पष्टीकरण पनि पेश गरेनन्। १६ मध्ये समयमै स्पष्टीकरण पेश गरेका चार वटा दललाई १५/१५ हजार र बाँकी १२ वटा दललाई २०/२० हजारका दरले कारबाही गर्ने निर्णय गरेको छ।

लेखा परीक्षण प्रतिवेदन लगातार दुई वटा आर्थिक वर्षको नपठाउने पाँच वटा दल छन्। पाँच वटै दललाई आयोगले स्पष्टीकरण सोधेको थियो। पाँच मध्ये दुई वटा दलले स्पष्टीकरण पेश गरे तर लेखा प्रतिवेदन बुझाएनन्। ३ वटा दलले स्पष्टीकरण समेत दिएनन्। स्पष्टीकरण दिएका दुई वटा दललाई आयोगले १५/१५ हजार र स्पष्टीकरण नबुझाउने तीन वटा दललाई २०/२० हजारका दरले कारबाही गरेको छ।

निर्वाचन आयोगका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा दर्ता भएका ११२ वटा राजनीतिक दलमध्ये ८१ दल कारबाहीमा पर्दा ३१ वटा दलले भने आयोगले भने आय व्यव प्रतिवेदन बुझाउने सन्दर्भमा अनुसार सबै प्रक्रिया पुरा गरेका छन्।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले सोमबार बसेको बसेको बैठकले तोकेको जरिवाना बापतको रकम ३५ दिनभित्र सम्बन्भित दलले दाखिला गर्नुपर्ने हुन्छ। अन्यथा, ३५ दिनभित्र जरिवाना रकम नबुझाउने राजनीतिक दललाई तत्काल (लगत्तैको) एक निर्वाचन भाग लिन नपाउने गरी आयोगले रोक लगाउने आयोगको निर्णय रहेको छ।

## सत्तारुढ...

भट्टराई अध्यक्ष रहेको नेपाल समाजवादी पार्टी, भूमि व्यवस्था र सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ अध्यक्ष रहेको नागरिक उन्मुक्ति पार्टीले समयमै निर्वाचन आयोगका लेखापरीक्षण प्रतिवेदन बुझाएका थिएनन्।

राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा अनुसार दर्ता भएका राजनीतिक दलले आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन तयार पानुपर्ने हुन्छ र त्यसको एक महिनाभित्र निर्वाचन आयोगमा पेश गर्नुपर्ने हुन्छ।

तर, समय व्यतित भएपछि मात्रै पूर्वप्रधानमन्त्री भट्टराई र बहालवाला मन्त्री श्रेष्ठ नेतृत्वको पार्टीले लेखा प्रतिवेदन आयोगमा पेश गरेका थिए। त्यसकारण यी दुई पार्टी सहित ८ राजनीतिक दल ७ हजार जरिवानामा परेका छन्।

७ हजार जरिवानामा पर्ने अन्य पार्टीहरुमा आम जनता पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाली गिन्स पार्टी, नेपाल आमा पार्टी, जनता प्रगतिशिल पार्टी, नेपालवाद, संघीय खम्वुवान लोकतान्त्रिक पार्टी छन्।

## पछि...

२०७० साल कात्तिक २५ गते नेपाल राजपत्रमा प्रकाशित सूचना र श्रम

**रंगेली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रंगेली अस्पताल, रंगेली**

**मोरङ्ग**

**आशयको सूचना**

**प्रकाशित मितिः २०८०/०४/०२**

यस रंगेली अस्पतालले फार्मेसीबाट बिक्री तथा बितरण गरिने र अस्पातालमा आवश्यक अन्य औषधीको आपूर्ति गर्न मिति २०८०/०२/१३ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका प्रस्तावहरुको मूल्याङ्कनमा सर्जिमेड डिष्ट्रिव्युटर्स, धरानको MRP मा १९ प्रतिशत छुट गर्न कबोल गरेको प्रस्ताव स्वीकृत भएको हुँदा सरोकारवालाहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ।

**मेडिकल सुपरिडेण्डेन्ट**
**रंगेली अस्पताल**

# गौर हत्याकाण्डको फाइल खोल्न माग गर्दै आन्दोलन घोषणा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १ साउन

रौतहटको सदरमुकाम गौरमा १७ वर्षअघि भएको गौर हत्याकाण्डमा संलग्नहरुलाई कारबाहीको माग गर्दै पीडितहरुले आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् । गौर हत्याकाण्ड संघर्ष समितिले सोमबार प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रलाई ज्ञापनपत्र बुझाउँदै सो हत्याकाण्डको फाइल खोल्न माग गरेका छन् ।




साथै उनीहरुले साउन १४ गतेसम्म माग पूरा नभए साउन १५ गतेबाट अनिश्चितकालीन रौतहट बन्द गर्ने चेतावनीसहित आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् । साउन २ देखि १२ गतेसम्म पालिकाहरुमा हत्याकाण्डबारे जानकारी र अन्तरक्रिया, साउन १३ गते शहीद तथा पीडित परिवारबाट धर्ना, साउन १४ गते मोटरसाइकल ¡याली र १५ गतेबाट अनिश्चितकालीन रौतहट बन्दका कार्यक्रम गर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

समितिले दोषीलाई कारबाहीको दायरमा नल्याएकाले आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य भएको जनाएको छ । समितिका संयोजक रुपसागर देवीले अमानवीय र बीभत्स हत्या गर्ने गौर हत्याकाण्डका हत्याराहरुलाई वर्षौंसम्म पनि अनुसन्धानको दायरामा नल्याइ कारबाही नगर्नाले पीडितहरुको आँखा अगाडि नै खुलेआम हिँडिरहेको देख्नुपर्दा आफूहरूलाई थप पीडा भएको जनाएका छन् ।

'अमानवीय र बीभत्स हत्याकाण्डका दोषीलाई कानूनबमोजिम अविलम्ब कारबाही गर्न र पीडितको हक, न्यायको प्रत्याभूति दिलाउन विनम्र अनुरोध गर्दछौं', संघर्ष समितिले बुझाएको ज्ञापनपत्रमा भनिएको छ ।

२०६३ साल चैत ७ गते गौर स्थित राइसमिल मैदानमा तत्कालीन नेकपा माओवादी र तत्कालीन मधेसी जनअधिकार फोरमका नेता कार्यकर्ताबीच भएको झडपमा २७ जना सर्वसाधारणको घटनास्थलमा र एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो ।

# मन्त्री मोदी र मेयर बालेनबीच भेटवार्ता



**काठमाडौं/मस–** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)बीच भेटवार्ता भएको छ । सिंहदरबारस्थित मन्त्री मोदीको कार्यकक्षमा भएको भेटका क्रममा उनीहरुबीच मन्त्रालय र काठमाडौं महानगरबीचको सहकार्य र समन्वयका सन्दर्भमा कुराकानी भएको छ ।

मेयर शाहले काठमाडौं महानगरका जग्गा प्राप्ति सम्बन्धी समस्या, फोहरमैला व्यवस्थापन सम्बन्धी देखिएका समस्या र तर्जुमा भइरहेको कानुनका सन्दर्भमा चासो राखेका थिए । मन्त्री मोदीसँग मेयर शाहले काठमाडौं महानगरभित्र संघीय सरकारमार्फत् गर्नुपर्ने सहयोग र समन्वयका लागि आग्रह गरे। जवाफमा मन्त्री मोदीले आवश्यक छलफल गरेर समस्या समाधानको दिशामा अगाडि बढ्ने बताए । मन्त्री मोदीले फोहोरमैला व्यवस्थापनसम्बन्धी कानुन निर्माणको क्रममा रहेकाले त्यसमाथि महानगरले आवश्यक सुझाव दिन पनि आग्रह गरे ।

# चन्द्रपुरमा भूमिहीन र अव्यवस्थित बसोबासीको जमिन नापजाँच शुरु



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १ साउन

चन्द्रपुर नगरपालिकामा भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जमिन नापजाँच शुरु भएको छ । अव्यवस्थित बसोबासीको जमिन नापजाँच चन्द्रपुर नगरपालिकाका नगर प्रमुख सञ्जय काफलेले शुभारम्भ गरेका छन् । नगर प्रमुख काफलेले जमिन नापजाँच कार्यले अव्यवस्थित बसोबासको समस्या समाधान गर्ने बताए ।

सो अवसरमा राष्ट्रिय भूमि आयोग जिल्ला समिति अध्यक्ष लक्ष्मण रेग्मीले अव्यवस्थित जमिन नापजाँचसम्बन्धी नियम कानूनबारे प्रकाश पारेका थिए । राष्ट्रिय भूमि आयोग रौतहटका पूर्वअध्यक्ष उद्धवप्रसाद रेग्मीले भूमिहीन र अव्यवस्थित बसोबास समस्याको समाधान गर्ने निकाय भूमि आयोग नै भएको हुँदा यसमा गम्भीर भएर लाग्न आग्रह गरे ।

चन्द्रपुर नगरपालिका वडा नं ४ का वाड अध्यक्ष रवि राना मगरको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं ६ का वडा अध्यक्ष सहदेव केसी, भूमि आयोग रौतहटका सदस्य टिका आचार्य, लक्ष्मी बराल, विभिन्न निकायका सरोकारवालाहरु, जनप्रतिनिधि तथा स्थानीयको उपस्थिति रहेको थियो ।

चन्द्रपुर नगरपालिका वडा नं ४ का ३ सय ६९ घर धुरीका अव्यवस्थित जमिन नापजाँच हुने वडा अध्यक्ष मगरले जानकारी दिए । हालसम्म चन्द्रपुर नगरपालिकाका वाड नं. ३, ५ र ६ को नापजाँच कार्य सकिएको राष्ट्रिय भूमि आयोग रौतहट जिल्ला समिति सदस्य आचार्यले जानकारी दिए । वडा नं ३ बाट १७ सय १ घरधुरी, वडा नं. ६ बाट ५ सय ५१ घरधुरीको नापजाँच कार्य भएको आचार्यले जानकारी दिए । यसैगरी वडा नं. ७ मा अधुरो जमिनको नापी कार्य पनि भइरहेको उनले बताए । चन्द्रपुर नगरपालिका वडा नं.४ की वडा सदस्य प्रेमा कुमारी तिमलसिनाको सञ्चालनमा सम्पन्न भएको कार्यक्रममा स्वागत मन्तव्य वडा सदस्य विनोद सिटौलाले राखेका थिए ।

# उदयपुरमा लम्पी स्किन रोगले थलिए पशुचौपाया

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १ साउन

लम्पी स्किन रोगले उदयपुरमा १८ हजार तीन सय भन्दा बढी पशुचौपाया प्रभावित भएका छन् भने दुई सय ६८ पशुचौपाया मरेका छन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र उदयपुरको २०७९ चैत १२ गतेदेखि २०८० असार २१ गतेसम्मको तथ्यांकअनुसार उदयपुरमा १८ हजार तीन सयय ४५ पशु चौपाया प्रभावित भएको र दुई सय ६८ पशुचौपाया मरेको उल्लेख छ ।



२०७७ सालमा पहिलो पटक लम्पी स्किन रोग उदयपुरको त्रियुगा नगरपालिका आसपासका वडाहरुमा देखिएपनि न्यून मात्रामा पशुचौपाया प्रभावित भएका थिए । त्यसपछि २०७९ चैत १२ देखि देखा परेको लम्पी स्किन रोगले बुढा र कम उमेरका कमजोर पशुचौपायालाई प्रभावित बनाएको छ । लम्पी स्किन रोग लामखुट्टेले टोक्दा 'भेक्टर' भन्ने भाइरसको माध्ययमबाट लाग्ने गरेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुरका पशु चिकित्सक तथा निमित्त कार्यालय प्रमुख राम नारायण शाहले मध्यान्हलाई जानकारी दिए ।

मध्यान्हसँग कुराकानी गर्दै शाहले उदयपुरमा करिब ३० हजार पशुचौपाया प्रभावित भएकोमा २५ हजार निको भएको र पाँच हजार अझै प्रभावित भएको जानकारी दिए । उनले नयाँ पशुहरुमा लम्पी स्किन रोग सर्ने र निको हुने क्रम जारी रहेको र जडिबुटी, एन्टिबायोटिक तथा निरोगी पशुहरुमा भ्याक्सिन दिने काम भइरहेको जनाए । कार्यालयको तथ्यांक र तपाईंले मौखिकरुपमा दिएको तथ्यांक किन फरक भन्ने मध्यान्हको प्रश्नमा उनले कहिलेकाहीँ तथ्यांकहरु त्रुटिपूर्ण हुनसक्ने बताए ।

अस्पतालको प्रतिवेदनले १७ हजार चार सय १० गाई गोरु र ९ शय ३५ राँगा भैंसी प्रभावित भएको देखाउँछ भने दुई सयय ३० गाई गोरु र ३८ राँगा भैंसी मरेको देखाएको छ । बेलका नगरपालिकामा सबैभन्दा बढी पशुचौपाया प्रभावित भएका छन् । त्यहाँ सात हजार पाँच सय ५० पशु चौपाया प्रभावित भएका छन् भने एक सय ३२ पशुचौपाया मरेका छन् । यस्तै त्रियुगा नगरपालिकामा न्यून मात्रामा पशुचौपाया प्रभावित भएका छन् । त्यहाँ एक सय ४६ पशुचौपाया प्रभावित भएको तथ्यांक छ । त्रियुगा नगरपालिकामा ६ सय, चौदन्डीगढी नगरपालिकामा २ सय र कटारी नगरपालिकामा ७ सय पशुचौपायामा खोप लगाइएको तथ्यांकमा उल्लेख छ । पशुचौपायहरु प्रभावित नगर र गाउँपालिकाहरुमा त्रियुगा नगरपालिका, कटारी नगरपालिका, बेलका नगरपालिका, चौदन्डीगढी नगरपालिका, उदपुरगढी गाउँपालिका, ताप्ली गाउँपालिका, रौतामाई गाउँपालिका र लिम्चुङ्बुङ गाउँपालिका रहेका छन् ।

# रोम विधान अनुमोदन गर्न आग्रह




**काठमाडौं/मस–** राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन प्रक्रिया तत्काल अघि बढाउन सरकारलाई आग्रह गरेको छ। फौजदारी न्यायसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (१७ जुलाई) को अवसरमा सोमबार विज्ञप्ति जारी गर्दै आयोगले सरकारलाई रोम विधान अनुमोदन गर्न आग्रह गरेको हो । रोम विधान अन्तर्गत गठन भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित युद्ध अपराध, आम नरसंहार, मानवताविरुद्धको अपराध र प्रत्याक्रमणजस्ता गम्भीर अपराधमा संलग्न व्यक्तिलाई जवाफदेही बनाउन एवम् पीडितलाई न्यायको सुनिश्चित गर्न मार्ग प्रशस्त गर्दछ । मानव अधिकार, मानवीय कानुन तथा फौजदारी न्यायको माध्यमबाट पीडितलाई न्याय सुनिश्चित गर्न र दोषीलाई जवाफदेही बनाउने सन्दर्भमा रोम विधान कोशेढुङ्गाको रुपमा रहेको छ । यस सम्बन्धमा अध्ययन गरी उक्त विधान अनुमोदन गर्न आयोगले वि.सं. २०६५ साउन २२ गते नेपाल सरकारलाई पत्राचार गरेको व्यहोरा स्मरण गराउँदै दण्डहीनतालाई प्रश्रय दिने किसिमका कानून निर्माणको कार्य नरोकिएकोमा आयोगले गम्भीर चिन्ता व्यक्त गरेको छ ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः
वि.सं. २०११/०३/२१

स्वर्गारोहणः
वि.सं. २०८०/०३/२७

**स्व. सीता दाहाल**

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'की जीवनसंगिनी **सीता दाहाल**को असामयिक निधनबाट हामी दुखी भएका छौं । दाहालको स्वर्गारोहण भएको आज ७ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै प्रधानमन्त्रीज्यूका शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
सम्पादक

तथा
**मध्यान्ह**
राष्ट्रिय दैनिक
**परिवार**


**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

**यहाँ** JAPAN **र** KOREA **मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्क:** 01-4958923 / 01-4952044
**मो:** 9741818340 ( WhatsApp/Viber )



**साउदीमा वैदेशिक रोजगार अवसर**

**१. कम्पनी: AL-NAMARIQ HOUSE FOR OPERATION & MAINTENANCE** शहर: **DAMMAM**
पुर्व स्वीकृत मितिः २०८०/०३/१० चलानी नं.: ६०२०३८१२ L.T. No.: 288468 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping Agent | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ९ गते (25 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

3 Brothers Human Resource Pvt. Ltd.
**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५



**युएईमा रोजगारको अवसर**

कम्पनी: **SMART EYE SECURITY SERVICES L.L.C**
शहर: **UAE**
पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं: ६०१९६८७२ LT. No.: 281370 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Account Manager | 0 | 1 | सम्बन्धित काममा दक्ष | 3000 | १०७१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 4 | 0 | | 900 | ३२१३९ | | | | | | | |
| 3. | Hotel Cleaner | 0 | 4 | | 1000 | ३५७१० | | | | | | | |
| 4. | Office Manager | 1 | 0 | | 3000 | १०७१३० | | | | | | | |
| 5. | Purchasing Representative | 2 | 0 | | 2500 | ८९२७५ | | | | | | | |
| 6. | Security Guard | 1 | 0 | | 1800 | ६४२७८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ९ गते (25 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
इजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२ साउन २०८०, मंगलबार
18 July 2023, Tuesday

## सम्पादकीय

# राज्यहिनताको अनुभूति

केही दिन अगाडि जुम्ला तातोपानी गाउँपालिका-४ का मुकेश नेपालीको घर जलाइएको तस्वीर सार्वजनिक भयो । मुकेशको घर जलाइनुको कारण थियो, अन्तर जातीय विवाह । अन्तरजातीय विवाहकै कारण मुकेशले प्रेम विवाह गरेका केटीका दाजु सहितको समूहले घरमा आगो लगाएका थिए । जुम्लामा मुकेशको घर जलिरहँदा दाङको घोराहीमा महेन्द्र विक र अंगराज परियार कोठा निकाला भए । अछामबाट पढ्न आएका विक र परियारलाई घरबेटीले दलितलाई कोठा नदिने भन्दै निकालेका थिए । यी दुई घटना अहिले पनि हाम्रो समाजमा भइरहेको जातीय विभेद बुझाउने उदाहरण हुन् । त्यसबारे प्रतिनिधिसभा बैठकमा सांसदहरू ज्ञानेन्द्र शाही, रणेन्द्र बराली र शान्ति विकले गएको २९ असारमा सरकारको ध्यानाकर्षण गराएका थिए ।

उनीहरूले विभेदका घटनाबारे अध्ययन गर्न विशेष संसदीय समिति गठनकै माग गरेका थिए । तर उनीहरूको मागबारे सरकारका तर्फबाट प्रष्ट जवाफ आएको छैन । जबकी केही वर्ष अगाडि जातीय विभेदकै कारण रूकुममा नरसंहार नै भएको थियो । १० जेठ २०७७ मा जाजरकोटका नवराज विकको अन्तर जातीय समुदायका केटीसँग प्रेम सम्बन्ध राखैकै कारण हत्या भएको थियो । नवराजसँगै उनका अन्य पाँच साथीहरूको पनि सामुहिक आक्रमणबाट हत्या भएको थियो । उक्त घटनाको अध्ययन गर्न सांसद देबेन्द्र पौडेलको नेतृत्वमा संसदीय समिति गठन भएको थियो । तर उक्त समितिले गरेको अध्ययन प्रतिवेदन सार्वजनिक भएन । जसले सरकार र राजनीतिक नेतृत्वले जातीय विभेदका घटनालाई गम्भीर रूपमा नलिएकै सहज अनुमान लगाउन सकिन्छ ।

जबकी विभेदका घटना मानवीय विषय मात्रै नभएर संवैधानिक कार्बाहीको समेत विषय हो । अहिलेको संविधानको धारा १८, धारा २०, २१ र २४ विभेदलाई निरूत्साहित गरेको मात्रै छैन, विभेदलाई दण्डनीय समेत भनेको छ । तर मानव समाजकै लज्जाको रूपमा निरन्तरता पाउँदै आएको विभेद कायमै रहेको बुझाउने पछिल्लो घटना मुकेशको घरमा आगो लाग्नु अनि अंगराज र महेन्द्र कोठाबाट निकालिनु हो । सँगै, कथित तल्लो समुदायका नागरिकमाथि राज्यको उपस्थिति र संविधानको शासन अनुभूति गर्न नसकिरहेको तथ्य पनि हो । जसबारे सरकार गम्भीर हुन जरूरी छ, होइन भने सामाजिक कलंकका यस्ता घटना रोकिन सजिलो छैन ।

# सांस्कृतिक साम्राज्यवादको बढ्दो प्रभाव

*आज हामी आफ्नै संस्कृति भुलेर जन्मदिन, वैवाहिक वर्षगाँठ जस्ता कुराहरू विदेशी संस्कृतिअनुसार मनाउन थालेका छौं । आज हाम्रो चालचलनमा मात्रै होइन हाम्रा सबै व्यवहारहरूमा बाह्य प्रभाव बढ्दो छ । हाम्रा लगाइ खुवाइ, हाम्रो दैनिकी, हाम्रा सञ्चारमाध्यम सबै विदेशी प्रभावमा चलेका छन् । आज यूट्युब, फेसबुक, ट्वीटर जस्ता विदेशी उत्पादन हाम्रा लागि अनिवार्य जस्तै बनेका छन् ।*

अग्रलेख




● खिमराज गिरी

सांस्कृतिक साम्राज्यवादको सिद्धान्तलाई 'मिडिया कल्चरल इम्पेरिलिजम थेउरी' पनि भनिन्छ । यो जनसञ्चार सिद्धान्तको एक अवधारणा हो । जसमा विभिन्न मिडियाहरुमार्फत केही धनी देशका विभिन्न सांस्कृतिक रीतिरिवाज, चालचलन, विश्वास, मूल्य तथा मान्यताहरुलाई अर्को कम विकसित मुलुकहरुमा विभिन्न तरिकाबाट प्रभाव पार्ने प्रयास गरिन्छ । अर्थात् गरीब देशहरुमा धनी देशहरुको संस्कार तथा संस्कृतिको प्रभाव जमाउन खोजिन्छ, जसले गर्दा धनी देशको हरेक कुराहरुको प्रभाव गरीब देशमा परोस् । प्रायः मिडिया र सांस्कृतिक उत्पादनहरुको निर्यात र प्रसारको माध्यमबाट धनी तथा प्रभावशाली राष्ट्रहरुका प्रभाव गरीब राष्ट्रहरुमा पार्न खोजिन्छ । सामान्यतयाः आर्थिकरूपमा विकसित देशहरुबाट तिनीहरुको मूल्य, मान्यता र विचारधाराहरु हरेक रूपबाट कमजोर रहेका राष्ट्रहरुमाथि नियन्त्रण र प्रभाव जमाउन खोजिन्छ । यो सिद्धान्तले धनी राष्ट्रहरुबाट चलचित्र, टेलिभिजन कार्यक्रम, संगीत, साहित्य र यहाँसम्म कि विज्ञापनजस्ता सांस्कृतिक उत्पादनहरुको प्रवाहद्वारा गरीब राष्ट्रहरुका समाजको सांस्कृतिक पहिचान र अभ्यासहरुलाई आफ्नो स्वार्थअनुरूप रूपान्तरण गर्न खोजिन्छ ।

### अवधारणा

खास त, सांस्कृतिक साम्राज्यवादको अवधारणा जब दोस्रो विश्वयुद्धको समाप्ति भयो तब अमेरिका संसारमा शक्तिशाली राष्ट्रको रूपमा देखियो र अर्को शक्तिशाली राष्ट्रको रूपमा रुस पनि देखा पर्‍यो । अमेरिकाले पुँजीवादी राष्ट्रहरुको नेतृत्व गर्‍यो भने रुसले साम्यवादी राष्ट्रहरुको नेतृत्व गर्‍यो । यसरी संसारका देशहरु प्रायः दुई ध्रुवहरुमा विभाजित जस्ता देखिए । हुन त, कम विकसित राष्ट्रहरु यी दुवै राष्ट्रको समर्थनमा नरहेकाले तेस्रो विश्वको रूपमा गनिएका थिए । तथापी सन् १९५० देखि बढ्दो रेडियो तथा टेलिभिजनको उत्पादन तथा प्रचार प्रसारले प्रायः अमेरिकी तथा धनी राष्ट्रका मिडियाहरुको पहुँच हरेक क्षेत्रमा परिरहेको थियो । मानिसहरु हरेक प्रचार तथा प्रसारित सामाग्रीहरुको विश्वास बढी नै गर्दथे । दोस्रो विश्व युद्धको सामना गरेका विश्वका प्रायः राष्ट्रहरु युद्धबाट त्रसिद मानसिकतामा थिए । यसबीच अमेरिका र रुसबिचमा सन् १९६० को दशकदेखि शीत युद्ध चल्न थाल्यो । यसको प्रभाव अन्य राष्ट्रहरुमा पनि विस्तारै पर्न थाल्यो । युद्धको मानसिकताबाट त्रसिद समाजलाई अब युद्धबाट रूपान्तरण गर्न सकिँदैन भनेर खास गरी अमेरिकीलगायत अन्य केही धनी राष्ट्रहरुका मिडियामार्फत गरीब देशहरुमाथि कसरी प्रभाव जमाउने र आफ्नो प्रभुत्व कायम राख्ने त भन्ने मनसायले विस्तारै धनी राष्ट्रहरुले आ-आफ्नो देशको कला, संस्कृति, रीतीरिवाज, चालचलन, पहिरन, खानपान, साजसज्जा, मिडियाको नयाँ-नयाँ प्रबिधिबाट उत्पादित नयाँ-नयाँ कन्टेन्टहरु समेतको प्रभुत्व जमाउन खोजे र उनीहरुले गरीब राष्ट्रहरुमा यस्ता सांस्कृतिक प्रभाव जमाउन खोज्दा गरीब देशहरुमा पिछडिएका वर्गहरु पनि उत्प्रेरित भए । जसले गर्दा उनीहरुको रहनसहन चालचलनमा परिवर्तन आउने भएपछि उनीहरुको संस्कृति तथा संस्कारलाई पछ्याउने नै भए ।

विभिन्न विद्धानहरुले सांस्कृतिक साम्राज्यवादको बारेमा विभिन्न ढंगबाट विश्लेषण गरेको पाइन्छ । १६औं शताब्दीको प्रारम्भमा स्पेनीहरुले अमेरिकन संस्कृतिलाई दबाए, त्यस्तै १९औं शताब्दिमा युद्ध वा अनेक प्रभावबाट बेलायतले भारतलगायत विभिन्न राष्ट्रहरुमा आफ्नो प्रभाव जमाएको थियो । त्यस्तै, इष्ट इण्डिजमा डच र अफ्रिकन राष्ट्रहरुमा फ्रान्सको प्रभाव विभिन्न रूपबाट देखिन्थ्यो । तर पछि बीसौं शताब्दिको साम्राज्यवाद सैन्य उन्मादसँग जोडिएको थिएन । यसको फलस्वरूप




सांस्कृतिक साम्राज्यवादसँग जोडिएर विभिन्न विद्धानहरुले यसको व्याख्या विश्लेषण सोहीअनुरूप गरेका छन् । त्यस्तै, यस सिद्धान्तलाई सकारात्मक रूपमा व्याख्या गर्दै वाँयड–बैरेट (सन् १९९८) ले भूमण्डलीकरणका सिद्धान्तहरुमा भएका घटनाक्रमहरुको प्रकाशमा 'मिडिया साम्राज्यवाद' अवधारणाको उपयोगिताको बारेमा चलिरहेको बहसको जवाफ दिँदै भन्छन्- मिडिया साम्राज्यवाद अझै पनि सान्दर्भिक छ किनकी यसले राष्ट्रिय अर्थतन्त्र र विश्वव्यापी पुँजीवादी अर्थ व्यवस्थाविचको सम्बन्धलाई प्रत्यक्षरूपमा जाँच्छ र केन्द्रित गर्दछ ।

अन्य केही विद्धानहरुद्वारा सोभियत संघले साम्यवादी शासन व्यवस्था संसारभर लागु गर्नको लागि युद्धबाट सम्भव नभएपछि आफ्नो विभिन्न संस्कार, संस्कृति तथा अन्य रीतीरिवाज तथा रहनसहनको प्रभावबाट विस्तारै गरीब राष्ट्रहरुमा प्रभाव जमाउँदै जाने नीति लिने डर त्रासले वाक युद्धको प्रभाव छेड्दै यसैको बदलास्वरूप विशेष गरी अमेरिकाले आफ्नो विभिन्न मिडियामार्फत आफ्नो संस्कृतिलाई विभिन्न गरीब तथा विकासोन्मुख राष्ट्रहरुमा उसको प्रभाव जमाउँदै लैजाने रणनीति तय गरेको कुरा व्यक्त गरिएको छ । यसमा सांस्कृतिक साम्राज्यवाद सैन्य हस्तक्षेपसँग नजोडिइ गरीब देशहरुका राजनीतिक र आर्थिक तथा धार्मिक मान्यताहरुसँग जोडिएको भनिएको छ । त्यस्तै मिडियाका प्रख्यात सिद्धान्तकार हर्बट शिलरले आफ्नो पुस्तक 'कम्युनिकेसन एण्ड कल्चलर डोमिनेशन'मा सांस्कृतिक साम्राज्यवादको आर्थिक र राजनीतिक पक्षहरुको खोजी गर्दै पश्चिमी मिडिया समूहहरुले पश्चिमी संस्कृति र मूल्यहरुको विस्तारमा महत्वपूर्ण भूमिका खेलेको तर्क गरेका छन् । उनको तर्कमा प्रभावशाली संस्कृतिहरु भएका मुलुकहरुले कमजोर धरातलको संस्कृति भएका मुलुकहरुलाई जुन तरिकाबाट भएपनि आफ्नो नियन्त्रणमा लिने उद्येश्य हुनसक्ने कुरा औंल्याएका छन् ।

### वास्तविकता

यसरी माथि उल्लेखित विभिन्न विद्धानहरुको सकारात्मक तथा नकारात्मक तर्क जे भएता पनि वास्तवमा आधुनिक मिडिया प्रविधिको विकाससँगै विश्वका हरेक कुनाका मानिसहरुमा चेतनाको अभिबृद्धि भएको छ । अहिले हरेक मानिसहरु हरक्षण सञ्चारको पहुँचमा हुन्छन् । पहिलाको युगमा जस्तै अहिले मानिसहरु युद्ध गर्न चाहाँदैनन् । तर जति-जति नयाँ प्रविधिको विकास हुँदै गयो उति धनी राष्ट्रका मानिसहरुमा युद्धसम्बन्धी बुझाई परिवर्तन हुँदै गयो । र, विश्वमा रजगज चलाउने एउटै माध्यम भनेको सूचनाको प्रविधिलाई विकसित रूप दिने हो । यदि सूचना तथा सञ्चारलाई नयाँ प्रविधियुक्त बनाइयो भने आफ्नो देशमा भएका हरेक खाद्यान्नलगायत विविध उत्पादनका साधनहरुलाई विज्ञापनमार्फत बिक्रिबितरण गर्न सकिन्छ र गरीब देशहरुले आफै उत्पादन गर्न महँगो पर्ने भएकोले विदेशबाट सस्तोमा नयाँ प्रविधियुक्त सामान खरिद गर्छन् भन्ने मनसायका साथ धनी राष्ट्रहरुले सांस्कृतिक साम्राज्यवादको नीति अपनाएको पाइन्छ ।

हामीले नेपाललगायत अन्य कम विकसित राष्ट्रहरुकै कुरा गर्ने हो भने पनि हामी आफ्नै संस्कृति भुलेर जन्म दिन, वैवाहिक वर्षगाँठ जस्ता कुराहरु विदेशी संस्कृतिअनुसार मनाउन थालेका छौं । जुन सांस्कृतिक साम्राज्यवादको उपज हो भन्दा अतियुक्ति नहोला । आज हाम्रो चालचलनमा मात्रै होइन हाम्रा सबै व्यवहारहरुमा बाह्य प्रभाव बढ्दो छ । हाम्रा लगाई खुवाई, हाम्रो दैनिकी, हाम्रा सञ्चारमाध्यम सबै विदेशी प्रभावमा चलेका छन् । आज यूट्युब, फेसबुक, ट्वीटर जस्ता विदेशी उत्पादन हाम्रा लागि अनिवार्य जस्तै बनेका छन् ।

### बाध्यतामा अल्झिएका प्रश्न

यसरी पहिला धनी देशहरुको राजनीतिक प्रभावको कारणले गरीब देशहरु आर्थिक प्रलोभनमा परेर देशमा भएका प्राकृतिक स्रोत र साधनहरु दिन बाध्य भएका उदाहरणहरु अफ्रिकी तथा एशियन मुलुकका कयौं उदाहरणहरु छन् । धनी देशहरुले गरीब देशमा भएका विभिन्न प्राकृतिक स्रोत साधनहरु यसरी नै विस्तारै प्रभाव जमाउँदै आफ्नो देशमा भित्र्याउने रणनीतिक चाल भने जारी नै राखेका छन् । यसको उदाहरण कंगो र अफगानिस्तानको ब्ल्याक डाइमण्ड, इरान तथा कुवेतको तेल निश्चित शर्तमा बिक्रि गरिनु, त्यस्तै नेपालमा भएका खनिज पदार्थहरुमा बाह्य प्रभाव भएको घटनालाई पनि लिन सक्छौं ।

### निष्कर्षमा,

सांस्कृतिक साम्राज्यवादका आलोचकहरुले तर्क गरेका छन् कि, यो सांस्कृतिक प्रभुत्व र शोषणको एक रूप हो, जसले सांस्कृतिक विविधतालाई हानी पुर्‍याउँछ । र, छरिएर रहेका विभिन्न संस्कार तथा संस्कृति 'जुन स्थानीयरूपमा सयौं वर्षदेखि चलन चल्तिमा रहेका छन्" लाई कमजोर बनाउँछ र जातीय, धार्मिक तथा भाषिकरूपमा पनि असहजता तथा असहिष्णुता उत्पन्न भई गरीब देशका विभिन्न दुर-दराजका बस्तीहरु धर्म र कर्मका नाममा विभाजित हुन सक्ने कुरालाई पनि नकार्न सकिँदैन भनिन्छ ।

अर्कोतिर समर्थकहरुको तर्क छ, यसले संसारभरका संस्कार तथा संस्कृतिलाई एकरूपतामा बाँधेको छ । यसरी समग्रमा भन्नुपर्दा यो ठूला र धनी राष्ट्रहरुको गरीब राष्ट्रप्रतिको सांस्कृतिक प्रभाव नै हो र जसको माध्यमबाट धनी देश झन् धनी र गरीब देश झन् गरीब हुँदै जाने प्रवृत्तिलाई सकारात्मकरूपमा लिन सहज ठानिएको पाइँदैन । सांस्कृतिक साम्राज्यवादको नाममा हुने गरेका यस्ता क्रियाकलापले गर्दा हरेक कुराहरुमा तेस्रो विश्वका बुद्धिजीवी मानिसहरु तथा अझ महत्वपूर्ण त नागरिकहरु सचेत गराउनमा मिडियाले खेल्नुपर्ने भूमिकाको कुरामा कसैको दुई मत नहोला ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

राज्य र राष्ट्रिय सुरक्षाको महत्वपूर्ण अङ्ग नेपाली सेनालाई अझै आधुनिक, सक्षम, प्रभावकारी र आत्मविश्वासयुक्त बनाउन राज्यले कस्तो नीति लिने भन्नेमा राजनीतिक बहस केन्द्रित हुनुपर्नेमा 'राज्यको ढुकुटीमा सेना नै प्रमुख बोझ' जस्तो सुनिने केही सांसदको गैरजिम्मेवार/अबाञ्छित राय र तर्क आउनु दुःखद हो ।



**- सेतेमान तामाङ**

फोहोरको राजनीति फोहोरी खेल कति दिन सर्वसाधारण नागरिकले व्यहोर्नुपर्ने हो ? देशभर डेंगु रोगको महामारी फैलिरहेको बेला फेरि काठमाडौं उपत्यकाको फोहोर फल्न रोक लगाएको छ । स्थायीरूपमा फोहोर व्यवस्थापन नगर्ने चुनावी एजेण्डा मात्रै बनाउनु नै फोहोर व्यवस्थापनमा आएको बिडम्बना हो ।



**- ओमकुमार थापा**

श्रावण १ गतेदेखि नयाँ आर्थिक वर्ष सुरु भए पनि वाणिज्य विभाग, भन्सार विभाग र राजस्व उठाउने सरकारका सफ्टवेयरहरू चलिरहेका छैनन् । 'पिक आवर'मा कति चाप हुन्छ भनेर आकंलन गर्न नसकेको हो कि कमिसनको चक्करमा लागेर जनतालाई कर तिर्न र सुविधा लिन दुःख दिएको बुझ्न सकिएन ।



**- निर्मल प्रसाइँ**

ललितानिवास किर्ते प्रकरणमा मुख्य अभियुक्तमाथि छानबिन नहुनु र नक्कली भुटानी शरणार्थी प्रकरणमा पनि मुख्य आरोपित संरक्षण गरिनुले मिटरब्याजी विधेयक कार्यान्वयनमा आउला र भन्ने शंका छ । सर्वसम्मतिले कानुन पारित भएर केही हुँदैन, जबसम्म मूख्य व्यक्तिहरूलाई त्यो कानुनले छुँदैन ।

## तपाईंको राशिफल

मेष : विशेष कामले यात्रा हुनसक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।

वृष : धार्मिक कार्यमा सहभागी हुने योग छ । विवादमा पर्न सकिन्छ ।

मिथुन : अचल सम्पत्तिमा वृद्धि हुनेछ । नाता गोतासित भेट हुनेछ ।

कर्कट : शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा ध्यान दिनुहोला ।

सिंह : आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ ।

कन्या : खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।

तुला : जग्गा खरिद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ ।


वृश्चिक : बाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ ।

धनु : नयाँ काम बन्नेछ तथा बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

मकर : प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ ।

कुम्भ : स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनेछ ।

मीन : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# वातावरणीय असन्तुलनको बढ्दो खतरा

विश्व



● योगेश कुमार गोयल

*जतिखेर ठूलो प्राकृतिक विपत्ति आउँछ तब हामी प्रकृतिलाई गाली गर्न थाल्छौं, तर प्रकृतिले समय-समयमा आफ्नो भयावह रूप देखाएर सचेत गराउन खोजेको भने हामी बुझ्न चाहँदैनौं । हाम्रै कर्मका कारण आज वायुमण्डलमा कार्बन मोनोअक्साइड, नाइट्रोजन, ओजोन र कणको मिश्रण प्रदूषण यति बढेको छ कि यी प्रदूषित तत्वहरु वायुमण्डलमा रहेको कारणले नै गर्दा हामी धेरै प्रकारका रोगहरुबाट ग्रस्त छौं । हाम्रो प्रकृतिलाई बिगारीरहेका छौं । तर हामी सचेततापूर्वक व्यवहार परिवर्तन गर्दैनौ ।*

बिग्रँदै गएको वातावरणीय सन्तुलन र मौसम चक्रमा आएको परिवर्तनका कारण धेरै प्रजातिका वनस्पति तथा जीवजन्तुको अस्तित्व खतरामा परेको छ । वातावरणको द्रुत परिवर्तनको यो अवस्थाबाट हामीले राम्ररी थाहा पाउनु पर्छ कि यसले मानव सभ्यतामा प्रत्यक्ष प्रभाव पार्ने निश्चित छ । विश्वभर आधुनिकीकरण र औद्योगीकरणका कारण प्रकृतिमा ठूलो मात्रामा असन्तुलन भइरहेको छ भन्ने आम जनतालाई सचेत गराउन ठोस कदम चाल्नुपर्ने आवश्यकता छ । यस्ता समस्याका लागि कहीँ कतै हामी आफै पनि जिम्मेवार छौं भनी स्वीकार गर्न हामी हिचकिचाउनु हुँदैन ।

मानवीय क्रियाकलापकै कारण, प्रकृतिमाथिको चरम शोषणका कारण आज पृथ्वीमा नयाँ-नयाँ रोगहरु उत्पत्ति भएका छन् । ठूला-ठूला प्रकोपले मानिसलाई सचेत बनाउन खोजेपछि अवस्था फेरिएको छैन । प्रकृतिसँगको छेडछाडको परिणाम विगत केही वर्षयता मौसम चक्रमा आएको परिवर्तन प्रष्ट देखिँदै आएको छ । वर्षैपिच्छे बिग्रँदै गएको मौसमी ढाँचाले समय-समयमा जसरी विनाश भैरहेको छ, त्यसलाई बेवास्ता गर्दा मौसमी चक्रमा आएको परिवर्तनले प्रकृतिको सन्तुलनमा प्रतिकूल असर पर्ने कुरा हामीले बुझ्नुपर्छ ।

वातावरणीय प्रदुषणका कारण विगत तीन दशकदेखि जसरी तीव्र गतिमा मौसम चक्र परिवर्तन भैरहेको छ र अकस्मात् प्राकृतिक प्रकोपको श्रृंखलाले तीव्रता पाएको छ, त्यसको ख्याल नगर्ने तर, प्रकृतिलाई दोष लाउने अवस्था छ । प्रकृतिका तीन प्रमुख तत्वहरू छन्- जल, वन र जमिन, जुनबिना प्रकृति अधुरो छ तर बिडम्बनाको कुरा प्रकृतिका यी तीनवटै तत्वको यसरी दोहन भइरहेको छ कि प्रकृतिको सन्तुलन डगमगाउन थालेको छ । प्राकृतिक सम्पदाको अन्धाधुन्ध दोहन र प्रकृतिसँग खेलबाडको परिणाम भनेको बिग्रिएको वातावरणीय सन्तुलनका कारण मानव स्वास्थ्यमा मात्रै नराम्रो असर परिरहेको छैन, धेरै प्रजातिका जीवजन्तु पनि लोप हुँदै गएका छन् ।

विश्वमा पानीको अभावको गहिरो संकट होस् वा ग्लोबल वार्मिङका कारण पृथ्वीको तापक्रम बढ्दै गएको होस् वा पृथ्वीबाट एकपछि अर्को गरी धेरै प्रजातिका वनस्पति र जीवजन्तुहरू लोप हुँदै गएको कुरा होस्, विश्वले यस्ता कुरामा ध्यान दिनुपर्छ । प्रकृति संरक्षणका लागि हामी सबैले आ-आफ्नो स्तरबाट योगदान गर्नुपर्छ । हामीले प्रकृतिसँग गरेको ठूलै छेडछाडका कारण पछिल्लो समय विश्वभरी नै तापक्रम बढ्ने, ठूला-ठूला विपत्ति आउने, ठूला-ठूला भूकम्पहरु आउने जस्ता प्राकृतिक प्रकोपको श्रृंखला तीव्ररूपमा बढेको छ ।

केही वर्षअघिसम्म हाम्रा पहाडी ठाउँहरू शान्त र स्वच्छ वातावरणका कारण सबैलाई आकर्षित गर्ने गर्दथे, आज त्यहाँ पनि प्रदूषण तीव्र गतिमा बढिरहेको छ । चिसो क्षेत्र भनेर चिनिने पहाडमा पनि अहिले गर्मी हुन थालेको छ, त्यहाँ पनि खानेपानीको संकट गहिरिँदै गएको छ । वास्तवमा पहाडी क्षेत्रमा यातायातका साधनबाट बढ्दो प्रदूषण, ठूला उद्योग स्थापना र राजमार्ग बनाउने नाममा वनको चरम शोषण, सुरुङ बनाउने नाममा पहाडको छाती निर्दयी ढंगले काट्नुको परिणाम अहिलेको अवस्था हो । हाम्रा पहाडको शीतलता पनि अहिले निरन्तर घट्दै गएको छ । पहाडमा बढ्दो गर्मीका कारण घना जंगलमा भीषण आगलागीको खबर बारम्बार सुन्न पाइन्छ । हिमालको यो गर्मीको प्रत्यक्ष असर तल्लो समतल क्षेत्रमा पनि परेको छ ।

जतिखेर ठूलो प्राकृतिक विपत्ति आउँछ तब हामी प्रकृतिलाई गाली गर्न थाल्छौं तर, प्रकृतिले समय समयमा आफ्नो भयावह रूप देखाएर सचेत गराउन खोजेको भने हामी बुझ्न चाहँदैनौं । हाम्रै कर्मका कारण वायुमण्डलमा कार्बन मोनोअक्साइड, नाइट्रोजन, ओजोन र कणको मिश्रण प्रदुषण यति बढेको छ कि यी प्रदूषित तत्वहरु वायुमण्डलमा रहेको कारणले गर्दा हामी श्वासप्रश्वाससम्बन्धी रोगका साथै अन्य धेरै रोगबाट ग्रसित भइरहेका छौं । क्षयरोग, क्यान्सरजस्ता निको नहुने रोगले सताउन थालेको छ । स्वच्छ खानेपानीमा ढलको निकासी होस् वा औद्योगिक एकाइहरूबाट खोलाहरूमा निस्कने एसिडिक फोहोर होस्, वा सडकमा घस्रिरहेका सवारीसाधनको लामो लाइनका कारण वायुमण्डलमा निस्कने विषाक्तता होस् वा पराल जल्ने हावा होस् । आज यही फैलँदो विषाक्तताले मानव अस्तित्वमाथि नै प्रश्न उठिरहेको छ ।

वातावरणीय असन्तुलनको बढ्दो खतरालाई ध्यानमा राख्दै हामीले आफ्नो स्तरबाट प्रकृति संरक्षणमा के योगदान दिन सक्छौं भन्ने कुरा आफैंले सोच्नुपर्छ । हाम्रो सानो पहलबाट हामी सबै मिलेर प्रकृति संरक्षणको लागि धेरै गर्न सक्छौं । हामीले हाम्रो दैनिक क्रियाकलापबाट वायुमण्डलमा कार्बनडाइअक्साइड जस्ता हानिकारक ग्याँसहरूको उत्सर्जनलाई कम गर्न प्रयास गर्न सक्छौं । हामीले प्रकृति संरक्षणमा सक्रिय भूमिका खेल्ने बाचा गरेर आ-आफ्नो तहबाट इमान्दारिताका साथ कार्यान्वयन गर्ने प्रतिज्ञा गर्‍यौं भने कति राम्रो हुन्थ्यो । ***अग्निवाणबाट***

# बक्स अफिस समाचार

# कल्पना खरेलको ‘रानी तलाउ’लाई एक हजार अमेरिकी डलरको पुरस्कार

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, १ साउन

बाँकेकी साहित्यकार कल्पना खरेलको उपन्यास ‘रानी तलाउ’ले एक हजार डलरको पुरस्कार प्राप्त गरेको छ । प्रत्येक दुई वर्षमा प्रदान गरिने ‘अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) डिल्लीराम तिम्सिना सर्वोत्कृष्ट उपन्यास पुरस्कार’बाट उपन्यास ‘रानी तलाउ’का लागि उपन्यासकार खरेललाई उक्त पुरस्कार दिइएको हो। जुलाई १५ शनिबार अमेरिकास्थित अनेसासको केन्द्रीय कार्यसमितिद्वारा जुमको माध्यमबाट आयोजित ३१औं वार्षिकोत्सव तथा २१०औं भानु जयन्ती समारोहमा उक्त पुरस्कार घोषणा गरिएको उपन्यासकार खरेलले जानकारी दिइन्। अनेसासका केन्द्रीय अध्यक्ष गोवर्द्धन पूजाको अध्यक्षतामा सम्पन्न समारोहमा अनेसासको वार्षिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना पनि प्रस्तुत गरिएको थियो। अनेसास विश्वभरका साहित्यकारहरुको छाता संगठन हो। खरेल उक्त अनेसासको लुम्बिनी प्रदेश समितिकी निवर्तमान अध्यक्ष हुन् भने अहिले उक्त समितिको अध्यक्ष साहित्यकार किरण आचार्य छन् ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले जनवरी २४ मा अनेसास बोर्ड अफ ट्रष्टीका उपाध्यक्ष साहित्यकार तीर्थराज पाण्डेयको संयोजकत्वमा डा. विजयराज शर्मा, सन्ध्या पहाडी, ईश्वरीप्रसाद भट्ट र दीपा राई पुन सदस्य रहेको अनेसास पुरस्कार समिति गठन गरेको थियो। सोही समितिको सिफारिसअनुसार पुरस्कारको घोषणा गरिएको हो ।

‘रानीतलाउ’ उपन्यासमा विवेक र नैतिकतालाई हतियार बनाएकी उपन्यासकार खरेलले यो उपन्यासमार्फत समाजमा परिवर्तनको नयाँ ढोका खोल्न चाहेको बताइन् ।

सामाजिक अन्तरविरोध र संघर्षलाई भित्रैसम्म पसेर गहिरो अन्तरदृष्टि लगाएर उपन्यासको विषयवस्तु बुनिएको छ । समाजमा रहेका अनेकौं विकृति र विसङ्गतिमाथि प्रहार गर्दै स्वच्छ र न्यायपूर्ण समाजको बाटो देखाउन सक्षम भएकी खरेलले सर्वोत्कृष्ट पुरस्कार पाउन सफल भएकी हुन् ।

खरेलले रानी तलाउ उपन्यासमार्फत पवित्र र दृढ इच्छाशक्ति सर्वशक्तिमान हुन्छ भन्ने कुरालाई आकर्षक ढंगले उठान गरेकी छिन् । सबैभन्दा ठूलो कुरा यसमा मानव आत्माको कुनै जात हुँदैन भन्ने कुरालाई उजागर गर्न खोजिएको बताउँदै उनले यही कुरा सुन्दर ढंगले उपन्यासमा चित्रण गरेकी छिन्। यसैबीच उपन्यासकार कल्पना खरेललाई यसवर्षको ‘शब्दयात्रा रणलक्ष्मी राष्ट्रिय प्रतिभा पुरस्कार’ पनि प्रदान गरिने भएको छ । २०८० का लागि शब्दयात्रा प्रकाशनले यो पुरस्कार खरेल र र भवानी पाण्डेलाई प्रदान गर्न लागेको हो ।

सुमन तिम्सिनाले अनेसासमार्फत स्थापना गरेको यो पुरस्कार महाकवि लक्ष्मी प्रसाद देवकोटाको जन्मजयन्तीका अवसरमा आयोजित विशेष कार्यक्रममा उपन्यासकार खरेललाई प्रदान गरिनेछ। शब्दयात्रा प्रकाशनले खरेल र पाण्डेलाई संयुक्तरूपमा पुरस्कार समर्पण गर्ने घोषणा गरेको हो । साहित्यकार अमर त्यागीद्वारा स्थापना गरिएको कोषबाट उक्त पुरस्कारमा ८/८ हजार रुपैयाँ, अभिनन्दन पत्र, शब्दयात्रा पट्ट र उपहार समर्पण गरिने छ। खरेलका ‘रानी तलाउ’लगायत सात वटा कृतिहरू प्रकाशित भइसकेका छन् । उनका ‘लभ इन जेरुसलेम’ उपन्यास, ‘समलिङ्गी सम्बन्ध’ उपन्यास, ‘पुरुष उपन्यास, ‘रागिनी’ कथासंग्रह, ‘क्षितिजपारिका शब्दहरु’ गीतिसंग्रह, ‘कामना’ गीति एल्बम प्रकाशित छन्।




साहित्यकार खरेलको शब्द रहेको ‘सेतो कात्रोमा गोजी’ हुँदैन रचनालगायत दुई दर्जन गीतहरु समेत रेकर्ड भइसकेका छन् । खरेल नेपालगञ्जस्थित जी. नेपाल केफो टेलीभिजनको भावसरोवर साहित्यिक कार्यक्रमकी प्रस्तोता पनि हुन् ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले विभिन्न पुरस्कारहरु स्थापना गरेको छ । गत मार्च १०-१२, २०२३ मा ‘अनेसास आदर्श गुरूआमा सम्मान-२०२३’बाट न्यूयोर्कमा रहेको सरल नेपाली पाठशालाकी प्रशिक्षक पदमा लिङखा मगरलाई नगद ४ सय डलर र सम्मान-पत्र एवम् भर्जिनियामा रहेको शिक्षा सदन पाठशालाकी जानु ओझालाई नगद २ सय डलर र सम्मान-पत्रसहित बोस्टनमा सम्पन्न महिला सम्मेलनमा सम्मान गरिएको थियो ।

विदेशमा बसेर निःस्वार्थ रूपमा भाषा पाठशाला सञ्चालन गरेर निरन्तर नेपाली भाषा तथा कला प्रशिक्षणमा योगदान पुऱ्याउने शिक्षिकालाई पहिलो पटक अनेसासबाट सम्मान गरिएको थियो ।

पुरस्कार संयोजक अनेसास उपाध्यक्ष राजेन्द्र श्रेष्ठका अनुसार कुनै पनि राज्यमा दर्ता भएर सञ्चालनमा रहेको मुनाफारहित भाषा-साहित्य-कला प्रशिक्षण संस्था, पाँच वर्षदेखि निरन्तर सञ्चालनमा आएको, ५० भन्दा बढीको संख्यामा बालबालिका रहेको, पाँच जनाभन्दा बढी स्वयंसेवक शिक्षक वा शिक्षिका रहेको पाठशालालाई चयनको आधार मानिएको थियो ।

## ‘जय हो’को पहिलो गीत सार्वजनिक



**काठमाडौं/मस–** फिल्म ‘जय हो’को पहिलो गीत सार्वजनिक भएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै निर्माण टिमले फिल्मको ‘जोमसोमको डाँडैमा हिउँ खेल्न जाने कि’ बोलको पहिलो गीत सार्वजनिक गरेको हो।

शम्भुजित बाँस्कोटाको शब्द रचना तथा संगीत रहेको गीतमा सुरेश लामा र अस्मिता अधिकारीको स्वर रहेको छ। गीतको भिडियोमा माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, केकी अधिकारी र सलोन बस्नेत फिचर्ड छन्। निशा र माओत्से जोडीको रुपमा प्रस्तुत गीतमा केकी र सलोनको नृत्य पनि देख्न सकिन्छ । कविराज गहतराजको कोरियोग्राफी रहेको गीत भिडियो रोमान्टिक भावको रहेको छ ।

आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्मका निर्देशक टेक पौरखी हुन् । प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुवि मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय रहेको फिल्ममा शम्भुजितका साथै सागर आले मगरको संगीत, सौरभ लामाको छायाँकन, सम्राट बस्नेत द्वन्द्व, कविराजसँगै रामजी लमिछानेको कोरियोग्राफी, सुरेश न्यौपानेको लेखन र बनिश शाहको सम्पादन छ । फिल्मका निर्माता राज के अधिकारी र सुरज सरकार हुन् भने प्रस्तुतकर्ता शोभित बस्नेत हुन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६२/१२/२२ मा दर्ता भएको **प्रा.लि. नं. ३९१५० को सुलभ मनी ट्रान्सफर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी नरहेको सूचना**
नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस SCC Manpower Company Pvt.Ltd. श्रम इजाजत पत्र न. ४८७/०६१/०६२ मा कार्यरत निम्न कर्मचारी मिति २०७९/१२/०१ बाट राजिनामा दिई हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नम्बर |
|---|---|---|---|
| १. | आबिद शाह | CEO | ८५५५ |

SCC Manpower Company Pvt. Ltd.
Govt. Lic. No. 487/061/062
GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu
Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com

हार्दिक बधाई तथा शुभकामना
सलिको
SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED
२८औं वर्षमा प्रवेश
**Head Office:** “Surakshan” Bhawan, Bhagwati Marg, Naxal, Kathmandu, Nepal
Tel: +977-1-4512378, 4529042, 452904, E-mail: info@salico.com.np
Web: www.salico.com.np
सफलतापूर्वक आफ्नो कार्यकालको सत्ताईसौं वर्ष पुरा गरी अठ्ठाइसौं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

PRABHU BANK
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-4788500
SWIFT: PRVUNPKA|www.prabhubank.com

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Kamaladi, Kathmandu, Nepal
P.O. Box: 19327
Phone No: +977-1-4226247+977-1-4228671
Fax: +977-1-4228036
Email: info@gibl.com.np

नेको इन्स्युरेन्स लि.
NECO Insurance Ltd.
Make A Visible Difference
Beema Bhawan, Gyaneshwor
Kathmandu, Nepal
Ph: 4530583, 4542263
info@neco.com.np
www.neco.com.np

HYUNDAI | Laxmi
SOLE DISTRIBUTOR OF HYUNDAI FOR NEPAL
www.laxmihyundai.com

युनाइटेड ग्राफिक प्रिन्टर्स (प्रा) लि.
United Graphic Printers (P) Ltd.
Hadigau Marg, Bishal Nagar Kathmandu
Tel: 01-4009570, 4436082, Fax: 01-4009568
E-mail: unitedpress2047@gmail.com

C-MECH CONSULTANCY PVT. LTD. 2058 B.S.
C-Mech
Consultancy Pvt. Ltd.
(Delivering Trust to Insurance Sector since 2058)
01- 4441180, 4442109,9851122588
www.cmech.com.np

ANIL GAUTAM
Managing Director
Mob: 9851042136
AD INTERIOR PVT. LTD.
a complete interior solution
Office: Ratopul, Kathmandu | t: 01-4439697
Factory: Kumarigal | e: interanilad@gmail.com

Asia Meditech Solutions Pvt. Ltd
Bijulibazar, Kathmandu
Mob.: 9841455447, 9851145579

S.E. Consult Pvt. Ltd.
Sitapaila, Kathmandu
Mob.: 9851123698

AR INSURANCE SURVEYORS
SURVEYORS/ENGINEERS/VALUERS
Thakurbari Road, Biratnagar-9
NEPAL
Tel No. 00977-21-527393
Fax 00977-21-527393
E-mail aris30.brt@gmail.com
aris30.brt@yahoo.com
THE SURVEYING PEOPLE
ARIS
MARINE, MOTO, FIRE & MISCELLANEOUS

Er. Surya Bd. Thapa
H.M.S. Consult
Tripureshwor, Kathmandu
Mob.: 9843365003, Ph.: 01-5348580

Er. Shishir Gairhe
Surveyor
SEED Private Limited
Sanepa, Lalitpur
9801050131

Er. Suman Thapa
Insurance Surveyor
Hetauda
Mob.: 9841916883

Er. Lalit Kumar Kayastha
Insurance Surveyor
Biratnagar-10
Mob.: 9862134897

Er: Khemraj Chattaut
Insurance Surveyor
Mahendranagar,Kanchanpur
Mob.: 9848723786/9858750354

HARSHLOK ENTERPRISES PVT. LTD.
Business Plaza, Nayabato, Dhobighat, Lalitpur, Nepal
P.O. Box 363, Kathmandu, Nepal
Tel No.: +977-1-5539009 / 5553572
Fax No.: +977-1-5526904
E-mail: Imports@golchha.com

M.B. Engineering Service Pvt. Ltd.
Nepalgunj, Banke
Mob.: 9858089300, 9844856001

Er. Udayaraj Adhikari
Pivot Risk Pvt. Ltd.
Kathmandu
Mob: 9851099693

Er. S.K. Karn
International Claims Bureau
Kathmandu
Mob.: 9851026560

Er. Bisheshwor Mahato
Insurance Surveyor
Biratnagar
Mob.: 9852032112

Er. Anil Kumar Chaudhary
Insurance Surveyor
Biratnagar-13
Mob.: 9851149097

MARCH

विश्वको कुनै पनि ठाउँबाट नेपालमा पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit
INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

PRABHU
Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

# नयाँ आर्थिक वर्षसँगै थपियो भ्याट र कर

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १ साउन ।




साउन १ गतेदेखि शुरु भएको नयाँ आर्थिक वर्षसँगै सरकारले गत जेठ १५ गते सार्वजनिक गरेको बजेटका विभिन्न कर सम्बन्धी व्यवस्था कार्यान्वयनमा आएका छन् । अर्थमन्त्री डा. प्रकाशशरण महतले बजेट सार्वजनिक गरे लगतै भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, सडक निर्माण दस्तुर र मोबाइल फोनको दर्ता सम्बन्धी व्यवस्था भने कार्यान्वयनमा आइसकेका छन् ।

साउन १ गतेदेखि हवाई टिकटमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट), विलासिता कर, पाँचतारे वा सोभन्दा माथिका होटल, रेष्टुरेन्ट तथा रिसोर्टमा २ प्रतिशत कर तथा वैदेशिक भ्रमण प्याकेजमा पाँच प्रतिशतसम्म कर लाग्न शुरु भएको छ । सोही दिनदेखि नै वार्षिक ५० लाख रुपैयाँभन्दा बढी कमाउने व्यक्तिहरुलाई ३९ प्रतिशतसम्म कर लाग्नेछ । यसअघि वार्षिक २० लाख रुपैयाँभन्दा माथि कमाउनेका लागि ३६ प्रतिशत कर लाग्ने गरेकोमा सरकारले करका दर तथा रकमको सीमा बढाएको हो । यस्तै, सरकारले पहिलो पटक हवाई टिकटमा भ्याट तथा विलासिता कर कार्यान्वयन लागू गरेको छ ।

पाँचतारे वा सो भन्दा माथिका होटेल, रेस्टुरेन्ट तथा रिसोर्टहरुले प्रदान गर्ने सेवामा २ प्रतिशत विलासिता कर तथा ट्राभल एजेन्सीहरुले बिक्री गर्ने वैदेशिक भ्रमण प्याकेजमा पाँच प्रतिशत पर्यटन शुल्क पनि कार्यान्वयनमा आएको छ । १० लाखभन्दा बढीको बहुमूल्य धातुमा पनि २ प्रतिशतकै दरले विलासिता शुल्क लगाएको छ । सरकारले आयातित मदिरा र १० लाख रुपैयाँभन्दा बढी मूल्यका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य धातुका गहनामा समेत सोही दरमा कर लागू हुने बजेटमा उल्लेख छ ।

आयातित मदिराको भन्सार विन्दुमै पैठारीका बेला असुली हुनेछ भने १० लाखभन्दा बढीका धातुका गहना बिक्रेताले असुल गर्नुपर्ने छ । यस्तैगरी, साउन १ गतेबाट नै वैदेशिक रोजगारी कर पनि थपिएको छ । वैदेशिक रोजगार व्यवसायी तथा म्यानपावर कम्पनीहरूले श्रमिकहरूबाट उठाउने सेवा शुल्कमध्ये एक प्रतिशत रकम वैदेशिक रोजगार करका रूपमा तिर्नुपर्ने व्यवस्था पनि सोमबारबाट कार्यान्वयनमा आएको छ । श्रमिकबाट लिइने शुल्कमध्ये एक प्रतिशत रकम सरकारी खातामा ल्याउने व्यवस्था थपिएको हो ।

# हिमालयद्वारा अस्पताललाई सहयोग




**काठमाडौं/मस** – हिमालय एयरलाइन्स प्रालिले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल अर्थोपेडिक अस्पताललाई स्ट्यान्डिङ एयर कन्डिसनर हस्तान्तरण गरेको छ । एयरलाइन्सका अध्यक्ष झोउ एन्योङ्गले एनडीए-नेपाल अर्थोपेडिक अस्पतालका अध्यक्ष सामदेन लामा र मेडिकल डाइरेक्टर डा.कैलाश कुमार भण्डारीलाई २ टनको स्ट्यान्डिङ एयर कन्डिसनर हस्तान्तरण गरेका हुन् ।

अस्पतालको सगरमाथा जनरल वार्डमा एयर कन्डिसनर जडान गरिएको छ जहाँ कमजोर आर्थिक अवस्था भएका बिरामीहरूले सस्तो सेवा शुल्कमा गुणस्तरीय अर्थोपेडिक सेवा पाउनेछन् । अस्पताल परिसरमा आयोजित हस्तान्तरण समारोह पछि एयरलाइन्सका अध्यक्ष झोउ एन्योङ्गले सगरमाथा जनरल वार्डको भ्रमण गरी त्यहाँको अवस्था अवलोकन गरेका थिए ।

अध्यक्ष एन्योङ्गले टिप्पणी गरे, 'हिमालय एयरलाइन्सको लक्ष्य नेपालको उड्डयन क्षेत्रमा प्रगतिशील बृद्धि गर्ने मात्रै नभई सामाजिक उत्तरदायित्व प्रतिको आफ्नो जिम्मेवारीलाई पूरा गर्न सक्दो प्रयास गर्ने योजना पनि राखेको छ । म आशा गर्दछु कि हाम्रो सानो योगदानले नेपाल अर्थोपेडिक अस्पतालको गुणस्तरीय हेरचाहका साथ खाँचोमा परेका मानिसहरूको सेवा गर्ने प्रयासलाई बलियो बनाउन मद्दत गर्नेछ ।' उनले नेपाल अपाङ्ग संघका पदाधिकारीहरूद्वारा हेरचाह गर्ने बालबालिकाको अनाथ आश्रमलाई सहयोग गर्न एयरलाइन्सको इन्फ्लाइट पत्रिकाको नाफाबाट आउने केही अंश सामाजिक उत्तरदायित्वको लागि योगदान गर्ने, हिमालयको प्रतिबद्धता पनि साझा गरे ।

डा कैलाश कुमार भण्डारीले हिमालय एयरलाइन्सप्रति गहिरो कृतज्ञता व्यक्त गर्दै भने, 'हामी हिमालयको यो मानवीय र उदार कार्यको उच्च प्रशंसा र कदर गर्छौं र नेपाल अर्थोपेडिक अस्पतालसँगको सहकार्य शुरुवातको लागि हिमालय एयरलाइन्स प्रति हामी आभारी छौं ।'

# 'आइसिटी अवार्ड २०२३' को अनलाइन नोमिनेसन शुरु




**काठमाडौं/मस** – सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्डको रूपमा परिचित आइसिटी अवार्डको आठौं संस्करणको लागि अनलाइन नोमिनेसन आजदेखि शुरु भएको छ । लिभिङ विथ आइसिटीले हरेक वर्ष आयोजना गर्दै आइरहेको 'आइसिटी अवार्ड'मा यस वर्ष थप एक विधासहित १३ विधाहरुमा नोमिनेसन खुल्ला गरिएको छ ।

प्रोफेसनल एक्सिलेन्स आइसिटी अवार्ड यस वर्ष थप गरिएको विधा हो भने गतवर्षदेखि दक्षिण एसियाली देशहरुका स्टार्टअपहरुलाई लक्षित गरेर साउथ एसिया आइसिटी अवार्ड पनि सञ्चालनमा रहेको छ । सन् २०१६ बाट शुरु भएको आइसिटी अवार्ड हरेक वर्ष परिस्कृत र विस्तारित रुपमा आयोजना हुँदै आइरहेको छ । यस वर्ष आयोजकले सातै प्रदेशका उत्कृष्ट स्टार्टअपलाई सम्मान गर्नेगरी 'प्रोभिन्स स्टार्टअप आइसिटी रिकग्निसन' पनि शुरु गरेको छ । यी बाहेक यसवर्ष स्टार्टअप तथा इनोभेसन अन्तगर्त स्टार्टअप आइसिटी अवार्ड, प्रडक्ट आइसिटी अवार्ड, राइजिङ स्टार एण्ड इन्नोभेसन आइसिटी अवार्ड २०२३ विधाहरु रहेका छन् ।

व्यक्तिगत योगदानको आधारमा प्रदान गरिने अवार्डहरुमा, प्रोफेसनल एक्सिलेन्स आइसिटी अवार्ड, पायोनियर आइसिटी अवार्ड, आन्टरप्रेनर्स आइसिटी अवार्ड, वुमन आइकन आइसिटी अवार्ड र नेपाली डायस्पोरा आइसिटी अवार्ड २०२३ को लागि पनि नोमिनेसन खुल्ला गरिएको छ । संस्थागत विधाहरूतर्फ डिजिटल एजुकेशन आइसिटी अवार्ड (पब्लिक सेक्टर), डिजिटल एजुकेशन आइसिटी अवार्ड (प्राइवेट सेक्टर), डिजिटल गभर्नेन्स आइसिटी अवार्ड र डिजिटल सर्भिसेस आइसिटी अवार्ड २०२३ विधाहरु रहेका छन् ।

यसैगरी साउथ एसिया स्टार्टअप आइसिटी अवार्ड र प्रोभिन्स स्टार्टअप आइसिटी रिकग्निसनमा पनि नोमिनेसन खुल्ला गरिएको छ । यी सम्पूर्ण विधाहरुमा अफिसियल वेबसाइट मार्फत् अनलाइन नोमिनेशन दर्ता गर्न सकिने आयोजक समितीका अध्यक्ष राजन लम्सालले जानकारी दिए । यसको लागि स्वयम वा अन्य कोहीले सम्बन्धित व्यक्ति, कम्पनी वा संस्थाको सम्पूर्ण विवरण उल्लेख गरेर नोमिनेशन दर्ता गर्न सकिनेछ । नोमिनेशन दर्ता गर्ने अन्तिम मिति साउन ३१ गतेसम्म रहेको आयोजकले जानकारी दिएको छ । अवार्ड विजेताहरूले विशिष्ट सम्मानसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीबाट विभिन्न सेवा र सुविधाहरू प्राप्त गर्नेछन् । स्टार्टअप विधाका विजेताले सहुलियतपूर्ण ऋण सुविधा र लगानीको अवसर समेत प्राप्त गर्नेछन् ।

# कुमारी क्यापिटलको प्रमुख कार्यकारी अधिकृतमा शर्मा नियुक्त



**काठमाडौं/मस** – कुमारी क्यापिटलको सञ्चालक समितिको ५८औं बैठकले कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा पुष्प शर्मालाई नियुक्त गरेको छ । शर्मा साउन १ देखि लागू हुने गरी कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्त भएका हुन् । यसअघि शर्मा कम्पनीमा कायम मुकायम प्रमुख कार्यकारी अधिकृत थिए ।

बैकिङ तथा वित्तीय क्षेत्रमा १३ बर्ष भन्दा बढीको कार्य अनुभव सँगालेका शर्मा स्रोत तथा साधनको उच्चतम् परिचालन तथा व्यवस्थापन गर्न सक्ने एक कुशल नेतृत्व हुन् । उनी कुमारी क्यापिटलमा आबद्ध हुनुअघि नेपाल एसबिआई मर्चेण्ट बैंकिङमा प्रमुख वित्त अधिकृत तथा निमित्त प्रमुख सञ्चालन अधिकृतको रुपमा नेपाल एसबिआई बैंकबाट काजमा रही कार्यरत थिए । कुमारी बैंकको सहायक कम्पनीका रूपमा रहेको यस क्यापिटलको चुक्ता पूँजी ४० करोड रुपैयाँ छ । हरेक ग्राहकहरुको सम्पन्नताको सहयात्री बन्ने उद्देश्य बोकेको यस क्यापिटलले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई कोष व्यवस्थापन, लगानी व्यवस्थापन, संस्थागत परामर्श, मर्चेन्ट बैंकिङलगायतका सेवा प्रदान गर्दै आइरहेको छ ।

## लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मधेश प्रदेश, सर्लाही, नेपाल**

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०२)**

यस कार्यालयबाट मिति २०८०/०२/३२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित बजार ठेक्कासंग सम्बन्धित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको अधिकतम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिको सिफारिसको आधारमा मिति २०८०/०४/०१ गते स्वीकृत भए बमोजिम सो को सार्वजनिक तथा तपशिलमा उल्लेख भएको फर्मलाई १५ (पन्ध्र) दिन भित्र सूचनामा उल्लेख भए अनुसार कबोल रकमको ५० प्रतिशत यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, लालबन्दीमा रहेको आन्तरिक राजश्व खाता नं. १२८०१००३०१०१०००२ मा नगदै रकम दाखिला गरेको सक्कलै भौचर र बाँकी ५० प्रतिशतको यस कार्यालयको नाममा ४ (चार) महिना म्याद भएको कार्य सम्पादन जमानत सहित सम्झौता गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा प्रचलित कानून अनुसार कार्वाही अगाडी बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल :**

| ठेक्का नं. | बजार ठेक्काको किसिम | फर्म/बोलपत्रदाताको नाम र ठेगाना | न्यूनतम अंक रु. | बोल कवोल अंक रु. | धरौटी, डिपोजिट बैंक ग्यारेण्टिरकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| आ.आ. ०३-०८०/०८१ | खसी, बाखा एवं राँगा मासु तथा सो आसपासको बजार, लालबन्दी (स्टल र सटर बाहेक) | श्री अमन निर्माण सेवा एण्ड सप्लायर्स, लालबन्दी न.पा.- २, सर्लाही | २८,१०,५००।- | २८,२५,०००।- | १,५०,०००।- | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Lisankhu Pakhar Rural Municipality
## Office of Rural Municipal Executive
**Attarpur, Sindhupalchok**
**Bagamati Province, Nepal**

### Invitation for Electronic Bid

**First Date of Publication: 2080/04/02 (18th July 2023)**

1. Lisankhu Pakhar Rural Municipality invites bids from Nepalese eligible bidders for the Construction of the works in the table below, under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Lisankhu Pakhar Rural Municipality,Attarpur, Sindhupalchok, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall be held at Lisankhu Pakhar Rural Municipality, Attarpur-4, Sindhupalchok, at 13:00 HRs on 2080/04/26 (11th August 2023).
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format ,which shall be valid for 30 days beyond the validity period of the bid (i.e., 2080/08/01 (17th November 2023)).

| S. N. | Contract Identification No. | Description of work | Bid Security Amount (NRs) | Last date & Time of | | Estimated Amount with vat & PS (NRs) |
|---|---|---|---|---|---|---|
| | | | | Submission | Opening | |
| 1 | LPRM/W/IRRI /NCB/080/81-01 | Construction and Extension of Chyauji Besi Irrigation Project (Package-V), Lisankhu Pakhar RM-02 | 3,50,000 (In words: Three Lakh and Fifty Thousand Rupees only) | 2080/05/01 (18th Aug 2023) 12:00 HRs | 2080/05/01 (18th Aug 2023) 13:00 HRs | 1,23,56,513.30 (In words: One Crore Twenty-Three Lakh Fifty-Six Thousand Five Hundred Thirteen Rupees and Thirty Paisa Only) |
| 2 | LPRM/W/BUI /NCB/080/81-02 | Construction of Ward Office Building at Lisankhu Pakhar RM-06 | 3,00,000 (In words: Three Lakh Rupees only) | 2080/05/01 (18th Aug 2023) 12:00 HRs | 2080/05/01 (18th Aug 2023) 14:00 HRs | 1,08,67,946.56 (In words: One Crore Eight Lakh Sixty-Seven Thousand Nine Hundred Forty-Six Rupees and Fifty-Six Paisa Only) |

***Chief Administrative Officer***


**VACANCY ANNOUNCEMENT**

एक म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Post
**Receptionist - 2 Female**

- 10+2 पास भएको ।
- मेनपावर कम्पनीमा कम्तिमापनि १ वर्षको अनुभव भएको र कम्प्युटर सम्बन्धी ज्ञान भएको हुनुपर्दछ ।

**Send us your CV:** Email : businessoverseas023@gmail.com
Phone Number: 985-1067351

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
**यदी छ भने हामीलाई सम्झनुहोस् ।**

हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

**नुम्स कम्प्युटर्स प्रा.लि.**
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**